# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-७१

# Overview of Weekly Media Study Vol. 71


## नेपाल संवाद केन्द्र

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


PDF पढ्नका लागि QR Scan गर्नुहोस

मिति : २०८३ जेठ १७, आइतबार

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८३ साल जेठ ११ गतेदेखि १७ गतेसम्मका प्रमुख राष्ट्रिय दैनिक, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित एवं प्रसारित समाचार, विचार, विश्लेषण र लेखहरूको अध्ययनका आधारमा तयार गरिएको हो । यस अवधिमा नेपाली सञ्चारमाध्यमहरूले सामाजिक, सांस्कृतिक, राजनीतिक, कूटनीतिक, शैक्षिक तथा आर्थिक विषयलाई प्राथमिकताका साथ उठाएका छन् । विशेषतः राष्ट्रिय पहिचान, सांस्कृतिक संरक्षण, सुशासन, लोकतान्त्रिक अभ्यास, शिक्षा सुधार, पर्यटन प्रवर्द्धन तथा आर्थिक पुनरुत्थानसँग सम्बन्धित विषयहरू प्रमुख बहसका रूपमा देखिएका छन् ।

सांस्कृतिक तथा सामाजिक क्षेत्रमा मुस्ताङमा निर्मित २२ फिट अग्लो शालिग्रामको प्राणप्रतिष्ठा, महोत्तरीस्थित गेरुका धाममा पुरुषोत्तम मास स्नान मेलाको शुभारम्भ, रातो मच्छिन्द्रनाथको हितीमंग अझै फेला नपरेको विषय, तम्घासमा गुञ्जिएको नेवारी मौलिक धुन तथा मूर्तिकलामा दुई दशकभन्दा लामो समयदेखि सक्रिय कलाकार मनोजका सिर्जनात्मक कृतिहरूले स्थान पाएका छन् । धार्मिक आस्था, सांस्कृतिक सम्पदा संरक्षण तथा स्थानीय पहिचानको प्रवर्द्धनमा मिडियाले विशेष चासो देखाएको पाइन्छ । स्वास्थ्य तथा वातावरणका क्षेत्रमा इबोला रोगबारे सचेतना, जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमाथि बढ्दो संकट तथा त्यसले पर्यटन क्षेत्रमा पार्ने प्रभावबारे विश्लेषणात्मक सामग्री प्रकाशित भएका छन् । पर्यटनमन्त्रीद्वारा जलवायु परिवर्तनका चुनौतीबारे व्यक्त धारणा, पर्यटन र आतिथ्य सत्कार क्षेत्रलाई थप व्यवस्थित बनाउन आवश्यक कदम तथा सार्वजनिक बिदाका कारण पर्यटकीय गन्तव्यमा बढेको चहलपहलजस्ता विषयले पनि स्थान पाएका छन् । पर्यटन क्षेत्रमा सगरमाथा आरोहणसँग सम्बन्धित समाचारहरू विशेष रूपमा चर्चामा रहेका छन् । सगरमाथाको बाटो, खुम्बु क्षेत्रको बदलिँदो अवस्था, एकैदिन ठूलो संख्यामा भएको आरोहणपछि पुनः उठेको भीड व्यवस्थापनको बहस, यस वर्षको सफल आरोहण संख्या तथा नयाँ कीर्तिमान सम्बन्धी समाचारहरूले प्रमुख स्थान पाएका छन् ।

अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिक क्षेत्रमा हेर्दा, भारतको अनुदानमा विभिन्न जिल्लामा विद्यालय भवन निर्माणका लागि भएको सम्झौता, पेट्रोलियम पदार्थको निर्यात शुल्कमा गरिएको कटौती, सीमाक्षेत्रमा सुरक्षा सतर्कता, रोहिन्ग्या शरणार्थी सम्बन्धी विषय तथा नेपाल-भारत सम्बन्धका विविध आयामबारे समाचार र विश्लेषण प्रकाशित भएका छन् । साथै नेपालले अपनाउनुपर्ने सौम्य शक्ति र प्रभावकारी कूटनीतिक संवादबारे पनि बहस भएको देखिन्छ । राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी विषयहरू यस साताको मिडिया विमर्शमा आएका छन् । गणतन्त्र दिवसको सन्दर्भमा गणतन्त्रका उपलब्धि, लोकतान्त्रिक मूल्य, संविधानको कार्यान्वयन तथा संघीय लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणबारे विभिन्न राजनीतिक नेतृत्वका धारणा प्रकाशित भएका छन् । राष्ट्रपति, उपराष्ट्रपति तथा प्रमुख राजनीतिक दलका नेताहरूले लोकतन्त्र, संविधान र गणतान्त्रिक व्यवस्थाप्रति प्रतिबद्धता व्यक्त गरेका समाचारले विशेष स्थान पाएका छन् । संविधान संशोधनको सम्भावना, प्रशासनिक सुधार, सिंहदरबारको कार्यशैलीमा परिवर्तन तथा सुशासनका विषय पनि चर्चामा रहेको देखिन्छ ।

आर्थिक क्षेत्रमा 'इकोनोमी फर्स्ट' अवधारणाको सान्दर्भिकता, बजेटले लगानी र उत्पादन वृद्धि गर्न सक्ने सम्भावना, कर प्रणालीमा भएका परिवर्तन तथा आयकर सम्बन्धी व्यवस्थाहरूले व्यापक चर्चा पाएका छन् । कृषि क्षेत्रको बजेट सीमा, रासायनिक मलमा केन्द्रित खर्च, किसानका अपेक्षा तथा उत्पादनमुखी अर्थतन्त्र निर्माणका चुनौतीबारे विश्लेषणात्मक सामग्री प्रकाशित भएका छन् । शिक्षा तथा संस्थागत सुशासनसँग सम्बन्धित विषयहरूमा विद्यालय सञ्चालन अवधि बढाउने निर्देशन, विश्वविद्यालयका अतिक्रमित जग्गा फिर्ता गर्ने प्रयास तथा सार्वजनिक संस्थाहरूको उत्तरदायित्वका विषयमा समाचार प्रकाशित भएका छन् । मानवअधिकार आयोगका सिफारिस कार्यान्वयन, लालपुर्जा वितरण प्रक्रिया, राजनीतिक नियुक्तिमा पारदर्शिता तथा सार्वजनिक प्रशासन सुधारका विषयमा पनि बहसको विषय बन्न पुगेको छ ।

समग्रमा यस साताको मिडिया प्रवृत्तिले नेपाली समाजमा राष्ट्रिय पहिचान, सांस्कृतिक पुनर्जागरण, सुशासन, आर्थिक सुधार, पर्यटन विकास तथा लोकतान्त्रिक उत्तरदायित्वप्रति बढ्दो चासो प्रतिबिम्बित गरेको छ । सञ्चारमाध्यमहरूले समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयलाई तथ्यपरक, सान्दर्भिक र विश्लेषणात्मक ढङ्गले प्रस्तुत गर्दै सार्वजनिक बहसलाई समृद्ध बनाउने प्रयास गरेको देखिन्छ ।

**Date: 2083 Jestha 17, Sunday**

# Weekly Media Study Summary– Part 71

This Weekly Media Monitoring Report, presented by Nepal Samwad Kendra, has been prepared based on a study of news reports, opinions, analyses and articles published and broadcasted in major national dailies, online portals, print media and television channels from Jestha 11 to Jestha 17, 2083 B.S. During this period, Nepali media prioritized social, cultural, political, diplomatic, educational and economic issues. In particular, topics related to national identity, cultural preservation, good governance, democratic practices, educational reform, tourism promotion, and economic recovery emerged as major subjects of public discourse.

In the cultural and social sphere, media coverage included the consecration of the 22-foot-tall Shaligram statue constructed in Mustang, the commencement of the Purushottam Maas bathing fair at Geruka Dham in Mahottari, the continued search for the missing Hitimanga of Rato Machhindranath, the performance of original Newari music in Tamghas, and the creative works of artist Manoj, who has been active in sculpture for more than two decades. It appears that the media showed particular interest in religious faith, the preservation of cultural heritage and the promotion of local identity. In the fields of health and environment, analytical reports were published on Ebola awareness, the growing threat of climate change to the Himalayan region, and its impact on the tourism sector. The views expressed by the Minister for Tourism regarding the challenges posed by climate change, the measures needed to further organize the tourism and hospitality sector and the increased activity at tourist destinations due to public holidays also received coverage. News related to Mount Everest expeditions remained a major focus within the tourism sector. Reports on the route to Everest, the changing condition of the Khumbu region, renewed debates over crowd management following a large number of ascents in a single day, the number of successful climbers this year and new records achieved received significant attention.

In the area of international relations and diplomacy, news and analyses were published regarding agreements for the construction of school buildings in various districts under Indian assistance, reductions in export duties on petroleum products, security vigilance in border areas, issues related to Rohingya refugees and various dimensions of Nepal–India relations. Discussions were also observed on Nepal's use of soft power and the need for effective diplomatic engagement. Political and governance-related issues also featured prominently in this week's media discourse. On the occasion of Republic Day, views expressed by various political leaders regarding the achievements of the republic, democratic values, implementation of the Constitution and the strengthening of the federal democratic system were widely published. News highlighting the commitments of the President, Vice President and leaders of major political parties toward democracy, the Constitution and the republican system received notable attention. The possibilities of constitutional amendment, administrative reforms, changes in the working style of Singha Durbar and issues of good governance also remained topics of discussion.

In the economic sector, the relevance of the "Economy First" concept, the potential of the budget to increase investment and production, changes in the tax system and provisions related to income tax were widely discussed. Analytical materials were published concerning the budget ceiling for the agricultural sector, expenditures focused on chemical fertilizers, farmers' expectations and the challenges of building a production-oriented economy. In the field of education and institutional governance, news reports covered directives to increase the number of school operating days, efforts to recover encroached university land and issues concerning the accountability of public institutions. The implementation of recommendations made by the Human Rights Commission, the land ownership certificate distribution process, transparency in political appointments and public administration reform also became subjects of public debate.

Overall, this week's media trend reflects growing interest within Nepali society in national identity, cultural revival, good governance, economic reform, tourism development and democratic accountability. The media appears to have made a meaningful effort to enrich public discourse by presenting contemporary national and international issues in a factual, relevant and analytical manner.

## २०८३ जेठ ११ गतेदेखि जेठ १७ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### मुस्ताङमा निर्मित २२ फिट अग्लो शालिग्रामको प्राण प्रतिष्ठान

मुस्ताङको घरपभ्फोङ गाउँपालिका-४,जोमसोमस्थित कालिगण्डकी नदीको तटीय क्षेत्रमा निर्मित २२ फिटको शालिग्राम मूर्तिको प्राण प्रतिष्ठान गरिएको छ। दक्षिणाम्नाय शारदापीठ शृङ्गेरीका शंकराचार्य श्री विधुशेखर भारती सन्निधानमले दीप प्रज्वलन र फुलमाला चढाएर शालिग्राम शीलाको प्राण प्रतिष्ठान गर्नुभएको हो । घरपभ्फोङ गाउँपालिका र ललितकला प्रज्ञाप्रतिष्ठानको प्राविधिक सहयोगमा निर्मित शालग्रामको प्राण प्रतिष्ठान गर्दै शंकराचार्य श्री विधुशेखरले विश्वभर कालीगण्डकी नदीमा मात्र पाइने तथा हिन्दू धर्मावलम्बीहरूले पवित्र मान्ने शालिग्रामको संरक्षणमा समुदायस्तरबाट भइरहेको प्रयासको प्रशंसा गर्नुभएको थियो। बाँकी...

स्रोत:**https://gorkhapatraonline.com/news/207917?**

### महोत्तरीको गेरुका धाममा पुरुषोत्तम मासको स्नान मेला सुरु

मधेस प्रदेशको धार्मिक तथा सांस्कृतिक जीवनसँग गहिरो सम्बन्ध जोडिएको एकमहिने गेरुका स्नान मेलामा श्रद्धालुहरूको घुइँचो लागेको छ। प्रत्येक तीन वर्षमा एक पटक पर्ने पुरुषोत्तम मास (मलमास) का अवसरमा लाग्ने यो मेला जेठ ३ गतेदेखि प्रारम्भ भएसँगै महोत्तरीको लोहारपट्टी नगरपालिका-४ स्थित खुट्टा पिपरारी क्षेत्र श्रद्धालु भक्तजनको आगमनले भरिभराउ बनेको छ। धनुषा र महोत्तरी जिल्लाको सीमा क्षेत्रमा अवस्थित गेरुका धाममा बिहानैदेखि हजारौँ श्रद्धालु भक्तजन पवित्र स्नान, पूजा-आराधना तथा दर्शनका लागि पुग्ने गर्छन्। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/207468**

### अझै भेटिएन रातो मच्छिन्द्रनाथको हितीमंग

सहकालका देवता श्री बुंगद्यः रातो मच्छिन्द्रनाथको रथजात्राको क्रममा धमाको दायाँबायाँ राखिने हितिःमंगको दायाँ साइटको हिटी हराएको एकमहिनासम्म पनि भेटिएको छैन। हिती वैशाख ८ मा हराएको अनुमान छ। हितीमंग नभेटाएपछि ललितपुर प्रहरीको टाउको दुखाई भएको छ। प्रहरीले गुठीसंस्थान ललितपुरका प्रमुख लक्ष्मुणा काफ्ले, रथ निर्माण गर्ने(यँवा) भोला महर्जन, स्टोरकिपर दीपक खवास लगायतसंग बयान लिएको छ। सरोकारवाला निकायले गुठीसंस्थानको कर्मचारीको कमजोरीको कारण हितीमङग हराएको हुनसक्ने आशंका गरेको छ। बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/25/769948/**

### तम्घासमा गुञ्जियो नेवारी मौलिक धुन

गुल्मी, (नेस)। गुल्मीमा नेवार समुदायका नागरिकलाई लक्षित गरी सञ्चालन गरिएको नेवारी मौलिक बाजा तालिमले स्थानीय समुदायमा सांस्कृतिक उत्साह थपेको छ। परम्परागत कला, संस्कृति तथा बाजागाजाको संरक्षण गर्दै नया पुस्तामा सांस्कृतिक चेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको तालिममा नेवार समुदायका सदस्यहरूको सक्रिय सहभागिता रहेको थियो। बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/29/770466/**

## मूर्तिकलामा मनोजका २२ वर्ष : प्राकृतिक मैनमा कला भरिएका मूर्ति

नेपाल हस्तकला महासंघको 'वर्ष उत्कृष्ट कलाकार, २०८२' बाट सम्मानित कलाकार मनोज शाक्यले मूर्तिकलामा झन्डै २२ वर्ष बिताएका छन् । प्राकृतिक मैन (वाक्स)लाई प्रमुख कच्चा पदार्थ बनाएर भगवान शिव, गौतमबुद्ध, नवदुर्गा माताका मूर्तिको मोडल बनाउने उनी 'लस्ट वाक्स प्रोसेस आर्टिस्ट' हुन् । ब्रज ह्याण्डिक्राफ्टका सञ्चालक शाक्य विभिन्न कलेजमा मूर्तिकलासम्बन्धी अध्यापनसमेत गराउँदै आएका छन् । बाँकी... स्रोत : **https://abhiyandaily.com/news/459162/manoj-s-22-years-in-sculpture--sculptures-filled/**

## शान्ति निहारिकाको 'पृथुला'

साहित्यकार शान्ति निहारिकाले आफ्नो दोस्रो साहित्यिक कृति 'पृथुला' कविता सङ्ग्रह सार्वजनिक गरेकी छन् । छोरा यसन खड्काको जन्मदिनको अवसरमा साहित्यकार निहारिकाले 'पृथुला' कविता सङ्ग्रह सार्वजनिक गरेकी हुन् । साहित्यकार शान्ति निहारिकाले यस अघि उपन्यास 'चट्याङको मूर्च्छना' प्रकाशन गरिसकेकी छन् । साहित्यकार प्रा.डा. देवी नेपाल लगायतका साहित्यकारहरुको उपस्थितिमा निहारिकाको दोस्रो कृति कविता सङ्ग्रह 'पृथुला' सार्वजनिक गरिएको थियो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/26/770177/**

## माफी माग्दै परियारले भने : आस्थामाथि प्रहार गरेको होइन्

दलित अभियान्ता जनक परियारले हालै दिएको अभिव्यक्तिप्रति स्पष्टिकरण दिदैं धार्मीक आस्थामाथि प्रहार भन्दा पनि दलितमाथिको उत्पीडनविरुद्धको अभिव्यक्ति बताएका छन् । बिहिबार राजधानीको संवाद डबलीमा पत्रकार सम्मेलन गर्दै धार्मीक आस्थामाथि चोट पुग्न गएको भन्दै क्षामासमेत मागेका छन् । 'प्रहरी हिरासतमा मृत्यु भएका श्रीकृष्ण विश्वकर्मा' को न्यायका लागि गत १२ गते मंगलबार संवाद डबलीमा आमा विन्दमया विश्वकर्मासहित अन्तरक्रियामा अभियान्ता जनकले दिएको अभिव्यक्तिको व्यापक आलोचना भएको थियो । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/politics/apologizing-pariyar-said-i-did-not-attack-astha-91-59.html**

## इबोला : त्रसित नबनौं तर पूर्वतयारी गर्दै गरौं

यतिबेला इबोलाप्रति पनि सचेत हुनुपर्ने समय आएको छ । यसअघि २०१४-१६ तिरै यसको प्रकोप फैलिएको भए पनि अहिले कंगो तथा युगान्डामा मानिसको मृत्यु हुन थालेपछि पुनः सचेत हुनुपर्ने भएको हो । विश्वका मानिसबीच एकअर्काप्रति बढ्दो अन्तरसम्बन्धले वस्तु, सेवा, अनुभव, कला, संस्कृति, आविष्कार, प्रविधिलगायतको आदानप्रदान सहज भएको छ नै, घातक भाइरस संक्रमणको विस्तार हुने सम्भावना पनि बढेको छ । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/05/27/ebola-lets-not-panic-but-prepare-29-19.html**

## China caps Indian pilgrims to Kailash via Nepal at 24,000. Tour operators expect more visitors

Nepali tourism entrepreneurs say Beijing has fixed a quota of 24,000 Indian pilgrims allowed to travel to Kailash Mansarovar in Tibet via Nepal this season, even as demand has already crossed 40,000. last year, the quota for Indian pilgrims was 20,000. tour operators also estimate that the number of foreign passport holders joining the pilgrimage could reach 5,000 this year. बाँकी...

स्रोत : **https://kathmandupost.com/money/2026/05/28/china-caps-indian-pilgrims-to-kailash-via-nepal-at-24-000-tour-operators-expect-more-visitors**

## Charya Pravah showcased in capital

Kathmandu Metropolitan City has intensified its efforts to promote Nepal's creative and cultural industries by honouring renowned Charya dance master Guru Yagya Man Pati Bajracharya during a special solo performance event held in the capital on Saturday. the metropolitan city, in collaboration with Nepa Dance Academy and Nepa Cultural Pucha, organised 'Guru Yagya Man Pati Bajracharya Felicitation and Charya Dance Solo Evening 2026 – Charya Pravah' at Rastriya Naach Ghar. बाँकी...

स्रोत : **https://risingnepaldaily.com/news/80827**

## जलवायु परिवर्तनले हिमाल सङ्कटमा : पर्यटनमन्त्री पौडेल

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले जलवायु परिवर्तनका कारण हिमालहरू सङ्कटमा परेको भन्दै चिन्ता व्यक्त गर्नुभएको छ। शुक्रबार ७३औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले विश्वव्यापी तापक्रम वृद्धिका कारण हिमताल पग्लिने र खानेपानीका मुहान सुक्ने क्रम बढिरहेको बताउनुभयो। उहाँले हिमाल संरक्षणका लागि विश्व समुदायको ध्यान आकर्षित गर्नुपर्नेमा जोड दिनुभयो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/208014**

## पर्यटन र अतिथि सत्कार : गर्नैपर्ने १० काम

ठूला शहरी होटल ब्राण्डहरूले कम्तीमा एक ग्रामीण अतिथि सत्कार केन्द्र सञ्चालन गर्नुपर्छ। सरकारले यसमा सहजीकरण गर्नुपर्छ। नेपालमा पर्यटनको अथाह सम्भावना रहेको कुरा नयाँ होइन। यो विषय लामो समयदेखि उठ्दै आएको छ। तर यसको पूर्णसदुपयोग भने हुन सकेको छैन। पर्यटनबाट समृद्धि सम्भव छ भन्नेमा सबै सहमत छन्। यो नारा बारम्बार दोहोरिन्छ। तर व्यवहारमा कार्यान्वयन कमजोर देखिन्छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1939847/tourism-and-hospitality-10-things-to-do**

## लगातारको बिदाले पर्यटकीय गन्तव्य भरिभराउ

चार दिन लगातारको बिदा र भारतीय पर्यटकको आगमनले चितवन, पोखरा, पाल्पालगायतका प्रमुख पर्यटकीय क्षेत्रका होटल, रिसोर्ट भरिभराउ भएका छन्। चितवन, बर्दिया, पाल्पा र पोखरा–छुट्टीमा परिवारसहित घुमफिर गर्ने चलनले मुलुकका प्रमुख पर्यटकीय गन्तव्यमा चहलपहल हुनेक्रम बढेको छ । लगातारको सार्वजनिक बिदाका कारण स्वदेशीका साथै गर्मीयाममा भित्रिरहेका भारतीय पर्यटकका कारण चितवन, पाल्पा, पोखरा, लुम्बिनी र बर्दियाका होटलले पाहुना पाइरहेका छन् । तराईका पर्यटकीय क्षेत्रको तुलनामा पहाडी गन्तव्यमा पर्यटकको चहलपहल छ । भारतीय पर्यटकका कारण पोखरामा अफसिजनमा पनि रौनक बढेको छ । बाँकी... स्रोत : **https://ekantipur.com/business/2026/05/30/long-holidays-increase-activity-in-tourist-areas-38-58.html**

## बजेटमा कोशी प्रदेश : पूर्वाधारदेखि पर्यटनसम्मका महत्वाकांक्षी योजना

संघीय सरकारले आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत कोशी प्रदेशका लागि पूर्वाधार, ऊर्जा, खेलकुद, पर्यटन, खानेपानी तथा धार्मिक पर्यटन प्रवर्द्धनका विभिन्न महत्त्वाकांक्षी योजनालाई प्राथमिकतामा राखेको छ । बजेटमा कोशी प्रदेशको रणनीतिक महत्त्व बोकेको कोशी करिडोरको उत्तरी खण्डअन्तर्गत १५ किलोमिटर सडक कालोपत्रे गर्ने योजना समेटिएको छ । यो कार्य तीनवटा मुख्य करिडोरका लागि विनियोजित कुल ६ अर्ब २५ करोड रुपैयाँको बजेटअन्तर्गत अघि बढाइनेछ । त्यस्तै, भारतसँगको व्यापार तथा यातायात सम्पर्कलाई सुदृढ बनाउन बथनाहा-विराटनगर रेलमार्गको बाँकी निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउने व्यवस्था पनि गरिएको छ । बाँकी... स्रोत : **https://ekantipur.com/koshi-pradesh/2026/05/30/koshi-province-in-the-budget-ambitious-plans-from-infrastructure-to-tourism-51-28.html**

## पर्यटक आगमन र बसाइमा सुधार, खर्च घट्यो

नेपाल भ्रमण गर्ने पर्यटकको संख्या र बसाइ अवधिमा सुधार आए पनि उनीहरूले गर्ने दैनिक खर्च घट्दो देखिएको छ । आर्थिक सर्वेक्षण २०८२/८३ का अनुसार सन् २०२५ मा पर्यटकको बसाइ अवधि १६.३४ दिन पुगेको छ । यो अहिलेसम्मकै उच्च हो । तर, उनीहरुको प्रतिदिन औसत खर्च ३३.०८ अमेरिकी डलरमा झरेको छ । सन् २०२५ मा नेपाल भित्रिने पर्यटकको संख्या ११ लाख ६२ हजार ३ सय ६५ पुगेको छ । सन् २०२४ मा ११ लाख ४७ हजार ५ सय ४८ पर्यटक नेपाल आएका थिए । पछिल्लो वर्ष १.३ प्रतिशतले वृद्धि भएको हो । सन् २०२४ मा पर्यटक आगमन १३.१ प्रतिशतले बढेको थियो, त्यसको तुलनामा वृद्धिदर भने सुस्त छ । बाँकी... स्रोत : **https://www.karobardaily.com/news/379018**

## सगरमाथाको बाटो : संघर्ष, पर्यटन र बदलिँदो खुम्बुको कथा

नेपाललाई संसारले चिन्ने सबैभन्दा ठूलो माध्यम सगरमाथा हो । सगरमाथा लगायतका हिमशिखरहरू अवस्थित नेपालको हिमाली क्षेत्र केवल हिउँले ढाकिएको अग्लो भूभाग मात्र होइन, नेपाली सभ्यता, संस्कृति, प्रकृति, अर्थतन्त्र, संघर्ष र आत्मविश्वासको पर्याय पनि हो । संसारभरका मानिसहरूले सगरमाथालाई साहस र सपनाको प्रतीकका रूपमा हेर्छन्, तर त्यसको काखमा बाँचिरहेका मानिसहरूको कथा भने अझै धेरै हदसम्म ओझेलमै छन् । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/28/770410/**

## एकैदिन २७० जना आरोहण गरेपछि ब्युँतियो सगरमाथाको भीडको बहस

सगरमाथाले कति मानिसको भार थेग्न सक्छ? विश्वको सर्वोच्च शिखरमा यसवर्षको वसन्त ऋतुको आरोहणको क्रममा पुनः देखिएको अत्यधिक भीडले यो प्रश्न सोधिरहेको छ । सञ्चारमाध्यममा यसैसाता भाइरल भएको एउटा ड्रोन भिडियो र तस्बिरहरूले क्याम्प-३ बाट क्याम्प-४ जाने साँघुरो बाटोमा लागेको आरोहीहरुको भीडलाई देखाउँछ । आरोहण कम्पनीहरुको अनुमान अनुसार, एकै समयमा सो रुटमा ३०० भन्दा धेरै मानिसहरू थिए । आरोहण कम्पनीहरुका अनुसार २० मे का दिनमात्रै नेपालतर्फबाट २७० जना बढी आरोहीले शिखर चुमेका छन्, जसले ८,८४८.८६ मिटर अग्लो हिमालको सुरक्षा र नियमनमाथि पुनः चिन्ता जगाएको छ । बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/05/29/the-debate-over-the-crowding-of-everest-has-been-reignited-after-270-people-climbed-it-in-a-single-day-53-53.html**

## सगरमाथामा १ हजार ८ जनाको आरोहण सफल, नयाँ कीर्तिमान कायम

विश्वको सर्वोच्च शिखर सगरमाथामा यस वर्षको वसन्तकालीन आरोहण सिजनमा १ हजार ८ जना आरोही सफल भएका छन् । यो संख्या हालसम्मकै उच्च रहेको पर्यटन विभागले जनाएको छ । पर्यटन विभागका महानिर्देशक रामकृष्ण लामिछानेका अनुसार यसपटक सगरमाथा आरोहणमा नयाँ कीर्तिमान कायम भएको हो । सगरमाथामा स्थापना गरिएको अस्थायी फिल्ड कार्यालयका संयोजक खिमलाल गौतमले शुक्रबार बिहानसम्म १ हजार ८ जनाले सफलतापूर्वक आरोहण गरेको जानकारी दिए । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/29/1080-people-successfully-climb-mount-everest-setting-a-new-record-20-40.html**

## सगरमाथा दिवसको अवसरमा प्रभातफेरी

विश्वको सर्वोच्च शिखर सगरमाथाको पहिलो सफल आरोहणको सम्झनामा मनाइने 'सगरमाथा दिवस' का अवसरमा आज विभिन्न कार्यक्रम आयोजना गरिएको छ । नेपाल पर्यटन बोर्ड तथा सम्बन्धित सरोकारवाला निकायहरूले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रम कर्मचारी सञ्चय कोष परिसरबाट प्रभातफेरी गरी जमलस्थित नाचघरमा पुगी औपचारिक कार्यक्रम गरिएको छ । उद्घाटन समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेल प्रमुख अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा सगरमाथा आरोहण, पर्यटन तथा हिमाल संरक्षण क्षेत्रमा योगदान पुऱ्याएका विभिन्न विशिष्ट व्यक्तित्वहरूको सम्मान तथा अभिवादन समेत गरिएको थियो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/566356/morning-procession-on-the-occasion-of-everest-day-photos**

## सगरमाथा आरोहणमा बढ्दो आकर्षण

नेपालमा रहेको विश्वको सर्वोच्च हिमशिखर सगरमाथा (एभरेस्ट/चोमोलोङमा) चढ्न संसारभरका मानिस लालायित देखिन्छन्। हरेक पर्वतारोहीको अन्तिम लक्ष्य सगरमाथा आरोहण नै हो। विश्वका विभिन्न देशका विभिन्न चुली चढिसकेका आरोहीले अन्तिममा सगरमाथाको टुप्पोमाथि उक्लने लक्ष्य राखेकै हुन्छन्। सगरमाथाको सफल आरोहण नगरेसम्म उनीहरू प्रशिद्ध पर्वतारोहीको दर्जामा पुग्दैनन्। त्यसैले, सगरमाथा आरोहण टोलीमा संलग्न भएर विश्वका विभिन्न देशका पर्वतारोही प्रतिवर्ष सयौंको संख्यामा नेपाल आउँछन्। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/196228/2026-05-29**

## चीनको पर्यटन बजारमा नेपालको आरोग्य र साहसिक पर्यटन प्रवर्द्धन

नेपालले आईटीबी चाइना-२०२६ मार्फत् अन्तर्राष्ट्रिय मञ्चमा आरोग्य र साहसिक पर्यटनको प्रवर्द्धन गरेको छ । चीनको आउटबाउन्ड पर्यटन बजार केन्द्रित प्रमुख बीटूबी ट्राभल ट्रेड प्रदर्शनी आईटीबी चाइना-२०२६ मे २६ देखि २८ सम्म सांघाई वर्ल्ड एक्स्पो एक्जिबिसन एन्ड कन्भेन्सन सेन्टरमा सम्पन्न भएको हो । तीन दिने यस अन्तर्राष्ट्रिय कार्यक्रममा विश्वभरका पर्यटन बोर्ड, गन्तव्य व्यवस्थापन कम्पनी, ट्राभल ट्रेड व्यवसायी, टुर अपरेटर, खरिदकर्ता तथा सञ्चारकर्मी सहभागी भए । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/05/1941622/promoting-nepals-health-and-adventure-tourism-in-chinas-tourism-market](https://www.onlinekhabar.com/2026/05/1941622/promoting-nepals-health-and-adventure-tourism-in-chinas-tourism-market)**

## सगरमाथाको चुचुरोमा पोखरा एभेन्जर्सको झण्डा

नेपाली पर्वतारोहण गाइड एवं उच्च हिमाली क्षेत्रका चलचित्र निर्माता तथा प्रवर्द्धक पासाङ काजी शेर्पाले विश्वको सर्वोच्च शिखरमा सगरमाथाको चुचुरोमा पोखरा एभेन्जर्सको झण्डामा फहराएकी छन् । शेर्पाले आठौं पटक सगरमाथाको आरोहण गर्दै मे २३ २०२६ बिहान ३:५० बजे नेपाल प्रिमियर लिग (एनपीएल) टोली पोखरा एभेन्जर्सको झण्डा फहराएकी हुन् । पोखरा एभेन्जर्सले प्रेस विज्ञप्ती जारी गर्दै खेलकुदमार्फत जलवायु परिवर्तन र हिमाली हिमनदीहरूको संरक्षणबारे चेतना जगाउने साझा प्रतिबद्धताको प्रतीकका रूपमा सगरमाथाको शिखरमा पोखरा एभेन्जर्सको झण्डा फहराइएको जनाएको छ । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/05/1940389/pokhara-avengers-flag-on-the-peak-of-mount-everest](https://www.onlinekhabar.com/2026/05/1940389/pokhara-avengers-flag-on-the-peak-of-mount-everest)**

## पाँच वर्षका लागि पर्यटन प्रवर्द्धन कार्ययोजना सार्वजनिक

नेपाल पर्यटन बोर्डले आगामी पाँच वर्षका लागि पर्यटन प्रवर्द्धन कार्ययोजना सार्वजनिक गरेको छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) अन्तर्गतको दिगो पर्यटन परियोजनाको सहयोगमा तयार पारिएको 'अन्तर्राष्ट्रिय बजार रणनीति तथा कार्ययोजना ९२०२६-२०३००' सोमबार सार्वजनिक गरिएको हो । प्रशतावित रणनीतिले नेपालको पर्यटन क्षेत्रलाई परम्परागत संख्यात्मक वृद्धिको सोचबाट माथि उठाई गुणात्मक मूल्य र सेवा-केन्द्रित विकासमा रूपान्तरण गर्ने लक्ष्य राखेको छ । बाँकी...

स्रोत : **[https://www.karobardaily.com/news/378395](https://www.karobardaily.com/news/378395)**

## उदयपुरको बोप्ताङ : नयाँ प्याराग्लाइडिङ 'हब'को सम्भावना

बिहानको कुहिरो हट्दै जाँदा सप्तकोशीमाथिको आकाश खुल्छ। त्यससँगै उदयपुरको बेलका नगरपालिका-८ स्थित बोप्ताङ डाँडामा रंगीन प्याराग्लाइडिङ उडाउने तयारी सुरु हुन्छ । प्रशिक्षकको निर्देशन सुन्दै केही युवा उडानका लागि तयार भइरहेका हुन्छन् । केही क्षणमै उनीहरू आकाशमा पुग्छन् र तल फैलिएको हरियाली जंगल, चुरे क्षेत्र र परसम्म बगिरहेको सप्तकोशी नदीको दृश्यले रोमाञ्चित हुन्छन् । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/05/1941121/udayapurs-boptang-potential-for-a-new-paragliding-hub](https://www.onlinekhabar.com/2026/05/1941121/udayapurs-boptang-potential-for-a-new-paragliding-hub)**

## First woman to scale all 14 eight-thousanders without supplemental oxygen says courage has no gender

Renowned Chinese mountaineer He Jing, the first woman to climb all 14 peaks above 8,000 metres without supplementary oxygen, said in Kathmandu on Wednesday that courage should never be limited by gender, age or fear. addressing climbers, tourism entrepreneurs and guests attending the Everest Summiteers Summit at Hotel Soaltee, he reflected on her two-decade journey in the mountains and urged young climbers, particularly women, to pursue ambitious goals with humility and discipline. बाँकी... स्रोत : **https://kathmandupost.com/money/2026/05/28/first-woman-to-scale-all-14-eight-thousanders-without-supplemental-oxygen-says-courage-has-no-gender**

## जब 'डेथ जोन' मा माइकलले मृत्युलाई जिते

सगरमाथाको ८ हजार चार सय मिटरभन्दा माथिको उचाइ। पर्वतारोहणको भाषामा यसलाई 'डेथ जोन' अर्थात् मृत्यु मार्ग भनिन्छ । यस्तो ठाउँ, जहाँ हावामा अक्सिजनको मात्रा यति न्यून हुन्छ कि मानव शरीर बिस्तारै मर्न थाल्छ । गत मे २१ का दिन सगरमाथाको यही घातक क्षेत्रमा इतिहासकै सबैभन्दा बढी ( २७४ जना) को भीड थियो। यही भीडको 'ट्राफिक जाम' मा परेर बेलायतका पर्वतारोही माइकल जोसेफ वुड्स एक्लै अलपत्र परे । माइकल जन्मजात कान सुन्दैनन्। हिमालको भयानक गर्जन र हावाको सुसाइबीच पनि उनको संसार पूर्णरूपमा मौन थियो । बाँकी... स्रोत : **https://annapurnapost.com/story/500491/**

## हिमाल र पहाडका केही स्थानमा मध्यम वर्षा र हिमपातको सम्भावना, तराईमा तातो हावा चल्ने

हाल नेपालमा पश्चिमी वायू र स्थानीय वायू तथा नेपालको पूर्वी भू-भाग नजिक रहेको न्यून चापीय क्षेत्रको प्रभाव रहेको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार कोशी प्रदेशलगायत बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भू-भाग साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भू-भागमा साधारणतया बादल लागेको छ । मधेश प्रदेशलगायत बाँकी लुम्बिनी प्रदेशको पहाडी र हिमाली भू-भागमा आंशिक बादल तथा बाँकी तराई भू-भागमा मुख्यतया सफा रहेको महाशाखाले जनाएको छ । बाँकी...
स्रोत : **https://ehimalayatimes.com/2026/05/451031/**

## भारतको अनुदानमा ८ जिल्लाका १४ विद्यालयका भवन निर्माण गर्न सम्झौता

भारत सरकार सहयोगमा ८ जिल्लामा १४ वटा विद्यालय निर्माणका लागिसम्झौतामा हस्ताक्षर भएको छ। शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ले गोरखा, नुवाकोट, धादिङ, दोलखा, काठमाडौं, काभ्रेपलाञ्चोक, रामेछाप र सिन्धुपाल्चोक जिल्लामा निर्माण गरिने विद्यालयका लागि ठेकेदार कम्पनीहरूसँग सम्झौता गरेको हो । नेपालमा सञ्चालित भारत सरकारको भूकम्पपछिको पुनर्निर्माण सहायताकै हिस्साको रुपमा ५६ करोड २ लाख अनुदान सहयोगमा १४ विद्यालयका भवन निर्माण गर्न लागिएको भारतीय राजदूतावासले जनाएको छ ।
**https://annapurnapost.com/story/500682/**

## भारतले पेट्रोलियम पदार्थको निर्यात शुल्क घटायो

भारत सरकारले जुन १ (सोमबार) देखि लागू हुने गरी आगामी १५ दिनका लागि पेट्रोल, डिजेल र उड्डयन टर्बाइन इन्धन (एटीएफ) को निर्यात शुल्क (एक्सपोर्ट ड्युटी) घटाउने निर्णय गरेको छ । भारतको अर्थ मन्त्रालयअन्तर्गतको प्रेस सूचना ब्युरो (पीआईबी) ले शनिबार राति जारी गरेको विज्ञप्तिअनुसार नयाँ दरहरू आगामी १५ दिनसम्म कायम रहने छन् । नयाँ निर्धारण गरिएको दरअनुसार पेट्रोलको निर्यातमा प्रतिलिटर १.५ भारतीय रुपैयाँ, डिजेलको निर्यातमा प्रतिलिटर १३.५ भारतीय रुपैयाँ र एटीएफको निर्यातमा प्रतिलिटर ९.५ भारतीय रुपैयाँ शुल्क तोकिएको छ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/international/india-reduces-export-duty-on-petroleum-products-39-53.html**

## भारतीय सिमानामा 'सतर्कता', थप रोहिन्ज्या 'नेपाल पसेका छैनन्'

अधिकारीहरूले भारतमा शरण लिइरहेका रोहिन्ज्या नेपाल भित्रिने आशङ्कामा सिमानामा सतर्कता अपनाइएको बताएका छन् । भारतीय सिमाना काटेर अन्य देशका नागरिकलाई गैर कानुनी रूपमा नेपाल पस्न नदिन "निगरानी र सक्रियता" बढाएको अधिकारीहरूले जनाएका छन् । अहिलेसम्म अवैध ढङ्गले नेपाल पसेको कुनै घटना "रिपोर्टिङ" नभएको उनीहरूको भनाइ छ । खास गरेर कोशी प्रदेशका सीमावर्ती जिल्लाहरूमा देखाइएको सतर्कता भारतको पश्चिम बङ्गालमा आएको राजनीतिक परिवर्तनसँग जोडिएको बताइन्छ । बाँकी... स्रोत : **https://www.bbc.com/nepali/articles/cx21x8072w3o**

## कूटनीतिमा छैन संवाद

वालेन्द्र शाह नेतृत्वको सरकारको कूटनीतिक सम्बन्धबारे सत्तारुढ रास्वपाकै नेता अमरेशकुमार सिंहले केही दिनअघि एक टिभी अन्तवार्तामा भनेका थिए, 'भारतसँग (केपी) ओलीको पालामा भन्दा पनि सम्बन्ध बिग्रिएको छ । चीनसँग पनि राम्रो छैन । अमेरिकासँग कस्तो हो मलाई थाहा छैन ।' सिंहले भनेझैं भारत र चीनबीच सम्बन्ध बिग्रिइहालेको नभए पनि नयाँ सरकार गठनपछि छिमेक सम्बन्ध न्यानो भने नरहेको कूटनीतिज्ञहरूले बताउन थालेका छन् । भारतका विदेश सचिव विक्रम मिस्रीले नेपाल भ्रमण रद्द गरेका छन् भने नेपालका परराष्ट्रमन्त्री शिशिर खनालको भारत भ्रमण पनि रोकिएको छ । बाँकी...

स्रोत : **https://madhyanhadaily.com/post/40676**

## रविको भारत भ्रमणलाई लिएर रास्वपाभित्र हलचल

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने भारत भ्रमणमा जाने विषयलाई लिएर पार्टीभित्र हलचल मच्चिएको छ। लामिछाने जेठ १८ गते नयाँदिल्ली प्रस्थान गर्ने सूचना बाहिरिएपछि रास्वपामा हलचल मच्चिएको हो। स्रोतका अनुसार सभापति लामिछाने भारत भ्रमणमा जानेबारे पार्टीलाई नै जानकारी छैन। वरिष्ठ नेता तथा प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहसँग पनि यसबारे छलफल नभएको बुझिएको छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/565760/ruckus-within-the-rashtriya-swayamsevak-sangh-rss-regarding-ravi-lamichhanes-visit-to-india**

## हामी सुहाउँदो सौम्य शक्ति

आर्थिक समृद्धि र परराष्ट्र सम्बन्धको विविधीकरण हाम्रो सौम्य शक्तिको दुई आधारभूत खम्बा हुनुपर्छ । निश्चित रूपमा तिनीहरूबीचको तादात्म्यताको व्यावसायिकता हाम्रो सौम्य शक्तिको सफलताको कडी हुनेछन् । आगामी आर्थिक वर्ष २०८३-८४ को बजेटका सिद्धान्त र प्राथमिकता (११औं बुँदा) तथा सोही आर्थिक वर्षको नीति तथा कार्यक्रम (८७ औं बुँदा) मा सरकारले प्रभावकारी सौम्य शक्ति परिचालनलाई उच्च प्राथमिकता दिने घोषणा गरेको छ । यो निश्चय नै स्वागतयोग्य विषय हो । हामीले थोरै ढंग पुऱ्याएर काम गर्न सक्यौं भने आफ्नै कमजोरीले 'बिग पावर ट्र्याप' अर्थात् शक्तिशाली राष्ट्रहरूको जालमा फसेको नेपाली कूटनीतिमा नयाँ त्राण भर्न सक्नेछौं । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/05/25/a-gentle-force-that-suits-us-58-56.html**

## Nepal-India Relations: Emerging Opportunities

The relationship between Nepal and India is unique and historically significant. it is deeply rooted in centuries-old people-to-people connections, cultural affinity, and mutual interdependence. both nations share strong interests in maintaining close ties and mutual trust. in international politics, Nepal and India often hold similar views on many regional and global issues, although differences occasionally emerge. बाँकी... स्रोत : **https://english.khabarhub.com/2026/25/550299/**

## 'गणतन्त्रको उपलब्धि मानवीय चेतनाको पुनः स्थापना हुनु हो'

गणतन्त्रपछिको अवधिमा नेपाली चलचित्रले प्रविधि, कथावस्तुमा विविधता र व्यवसायिक रूपमा ठुलो फड्को मारेको छ । परम्परागत सेन्सर प्रथाको अन्त्यसँगै चलचित्रकर्मीलाई थप वाक स्वतन्त्रता प्राप्त भएको छ । नेपाली चलचित्र निर्देशक, लेखक तथा निर्माता प्रकाश सायमीका अनुसार चलचित्र आफैंमा एक गणतान्त्रिक व्यवस्था हो । "चलचित्र दर्शकको गणतान्त्रिक छनोट हो भने चलचित्रकर्मीका लागि यो गणतान्त्रिक अभ्यास हो," निर्माता सायमीले भन्नुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/207506**

## संविधान संशोधनमा सहज हुने गरी नियम बनाइँदै

संविधान संशोधन गर्नका लागि यससम्बन्धी प्रक्रियालाई सहज हुने गरी नियम बनाउन लागिएको छ । यसनिम्ति नयाँ प्रतिनिधिसभा नियमावलीमा विशेष व्यवस्था राख्ने प्रस्ताव छ । नयाँ प्रतिनिधिसभा नियमावलीको मस्यौदा समितिका सभापति गणेश पराजुलीले पेस गरिसकेका छन् । नयाँ नियमावलीको नियम १४० मा संविधान संशोधनसँग सम्बन्धित कार्यविधि छ । जसअनुसार संविधान संशोधन विधेयक सभामा प्रस्तुत भएको ३० दिनभित्र महासचिव वा निजको अनुपस्थितिमा सचिवले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशन गर्नेछन् । प्रकाशन गरिएको विधेयक सात दिनपछि बसेको कुनै बैठकमा प्रस्तुत गर्न सकिनेछ । बाँकी... स्रोत : **https://madhyanhadaily.com/post/40674**

## फेरिँदै सिंहदरबार, बदलिँदै कार्यशैली

उही र उस्तै राजनीतिक पात्र घुमिफिरी आउने प्रशासनिक केन्द्र सिंहदरबारमा नयाँ शक्तिशाली सरकारको प्रवेशसँगै प्रशासनिक परिदृश्यसमेत बदलिएको छ। प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)को नेतृत्वमा रास्वपा सरकारले करिब दुई महिनानजिक पुग्दा पुरातन राजकाज प्रणालीमा हस्तक्षेप गर्दै सिंहदरबारको कार्यशैली बदल्दै गरेको झलक दिएको हो। सरकार गठनको पहिलो दिन १३ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची स्वीकृत गरेको थियो। यही कार्यसूचीको दिशामा सरकारले प्रशासनिक हस्तक्षेप अघि बढाएको थियो। अहिले सिंहदरबारमा ट्रेड युनियनका बोर्ड देखिँदैनन्। बाँकी...
स्रोत : **https://www.nayapatrikadaily.com/news-details/195962/2026-05-26**

## 'इकोनोमी फर्स्ट' : नेपालका लागि ठूलो अवसर

नेपाललाई अब राष्ट्रिय आर्थिक सहमति आवश्यक छ, एक प्रकारको साझा 'आर्थिक सोचपत्र', जसले १५-२० वर्षको राष्ट्रिय आर्थिक प्राथमिकता तय गरोस् । 'इकोनोमी फर्स्ट' नारा मात्रै होइन, यो नेपालका लागि सम्भवत: अन्तिम ठूलो अवसर हो ।नेपालको इतिहासमा केही यस्ता क्षण आउँछन्, जसले केवल सरकार होइन, देशको भावी दिशा निर्धारण गर्छन् । अहिले नेपाल ठीक त्यस्तै मोडमा उभिएको छ । तीन दशकभन्दा बढी समय राजनीतिक संक्रमण, आन्दोलन, सत्ता समीकरण र वैचारिक संघर्षमा बिताएको मुलुक अब एउटा गम्भीर प्रश्नसँग जुधिरहेको छ- के नेपालले अब पनि राजनीतिकेन्द्रित बहसमै अर्को दशक गुमाउने हो ? कि अर्थतन्त्रलाई राष्ट्रिय प्राथमिकताको केन्द्रमा राखेर नयाँ युग सुरु गर्ने हो ? बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/05/28/economy-first-a-big-opportunity-for-nepal-48-18.html**

## मानवअधिकार आयोगको सिफारिस कसरी हुन्छ कार्यान्वयन ?

राष्ट्रिय मानवअधिकार आयोगले जेन-जी आन्दोलनमा भएका घटना छानबिनपछि पाँच दर्जनभन्दा बढी नाम किटान गरेर मानवअधिकार उल्लंघनमा कारबाही र थप अनुसन्धानका लागि सरकारलाई सिफारिस गरेसँगै यो कसरी कार्यान्वयन हुन्छ र त्यसको असर के हुन्छ भन्ने विषयमा चासो बढेको छ। सिफारिस कार्यान्वयनलाई लिएर समाजदेखि सामाजिक सञ्जालसम्ममा बहस चलिरहेको छ। आयोगले प्रतिवेदनको सिफारिस खण्ड बुधबार सरकारलाई बुझाउनुका साथै सार्वजनिक पनि गरेको थियो। बाँकी...
स्रोत : **https://ekantipur.com/news/2026/05/29/how-are-the-recommendations-of-the-human-rights-commission-implemented-45-22.html**

## वयस्क गणतन्त्र

आज गणतन्त्र दिवस। २०६५ जेठ १५ गते अर्थात् आजकै दिन संविधानसभाको पहिलो बैठकले २४० वर्ष लामो राजतन्त्रलाई बिदा गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो । विश्वका बिरलै देशमा जस्तै जनताको सर्वोच्च निकाय व्यवस्थापिका संसद् (संविधानसभा) बाट २४० वर्ष पुरानो राजतन्त्रलाई सधैंका लागि बिदा गरेको हो । यसो हुनुमा राजाले पटक पटक संसद् र सरकारमाथि धावा बोल्नु र प्रत्यक्ष शासनको महत्त्वाकांक्षा देखाउनुलाई कारण मान्न सकिन्छ। विभिन्न आन्दोलन, संघर्ष, बलिदान र आन्दोलनको परिणामस्वरूप मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । बाँकी...
स्रोत : **https://nagariknews.nagariknetwork.com/editorial/adult-republic-br-60-88.html**

## 'ढुक्क हुनुस्, देश बनाउँछौँ'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री भूपदेव शाहले पार्टी नेतृत्वको सरकारले देश विकास गर्नेमा ढुक्क रहन आग्रह गरेका छन् । चितवनको भरतपुरमा आज आयोजित रास्वपा भरतपुर महानगर समितिको प्रथम अधिवेशन उद्घाटन गर्दै उनले चुनावी वाचापत्रअनुसार आगामी आर्थिक वर्षको बजेट ल्याएकाले जनतालाई गरेको वाचाअनुसार काम गर्न आफूहरू प्रतिबद्ध रहेको बताए । महामन्त्री शाहले भने, 'सरकारले पार्टीले तयार पारेको वाचापत्रलाई प्रतिबद्धता पत्रमा ढाल्यो, त्यसअनुसार बजेटको व्यवस्था गरिएको छ । अब त्यसलाई विकासमा ढाल्नका लागि अगाडि बढिरहेको छ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/politics/be-confident-we-will-build-the-country-br-35-30.html**

## बजेटले बढाउला लगानी र उत्पादन ?

यतिबेला बैंक तथा वित्तीय संस्थामा पौने १४ खर्ब रुपैयाँभन्दा बढी ऋण दिन मिल्ने रकम (अधिक तरलता) छ । मुलुकको विदेशी मुद्रा सञ्चिति हालसम्मकै धेरै ३५ खर्ब रुपैयाँ हाराहारी छ । लगानी गर्न योग्य रकम पर्याप्त र बाह्य सूचकहरू निरन्तर सबल भइरहेका बेला आगामी आर्थिक वर्षको बजेटमार्फत सरकारले लगानी प्रोत्साहनका कार्यक्रम ल्याउने धेरैको अपेक्षा थियो । शुक्रबार अर्थमन्त्री स्वर्णिम वाग्लेले सार्वजनिक गरेको आर्थिक वर्ष २०८३/८४ को बजेटमा लगानी विस्तारका केही नीति तथा कार्यक्रम पनि आए । तर, वित्तीय प्रणालीमा रहेको तरलता व्यवस्थापन गरी लगानी विस्तारका लागि पर्याप्त नभएको जानकारहरूको भनाइ छ । बाँकी... स्रोत : **https://ekantipur.com/business/2026/05/31/will-the-budget-increase-investment-and-production-05-39.html**

## लोककल्याणकारी गणतन्त्र

नेपाली जनताको दशकौँ लामो अतुलनीय त्याग, बलिदान र सङ्घर्षको जगमा स्थापित गणतन्त्र १८ वर्ष पूरा गरी १९ औँ वर्षमा प्रवेश गरेको छ । विसं २०६५ जेठ १५ गते ऐतिहासिक संविधान सभाको पहिलो बैठकले वंश परम्परामा आधारित राजतन्त्र अन्त्य गर्दै नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो । यसरी शाहवंशको २४० वर्ष लामो विरासतलाई जनताद्वारा निर्वाचित प्रतिनिधिले जगैदेखि उखेलेर फालिदिए । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/207972**

## गणतान्त्रिक प्रणालीको मर्म

नेपालको राजनीतिक इतिहासमा आजको दिनलाई गौरवशाली र युगान्तकारी मानिन्छ । विसं २०६५ जेठ १५ गते जननिर्वाचित पहिलो संविधान सभाको ऐतिहासिक बैठकले सताब्दिऔँ लामो राजतन्त्रात्मक शासनव्यवस्था अन्त्य गर्दै नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो । सोही दिनको सम्झनास्वरूप आज देशभर १९ औँ गणतन्त्र दिवस मनाइँदै छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/207953**

## गणतन्त्रवादी जेन-जी

संविधानसभाको पहिलो बैठकले २०६५ सालमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा दिन । निर्णायक राजनीतिक परिवर्तनको १९औं वार्षिकोत्सव मनाउँदै गर्दा अघिल्ला वर्षको भन्दा भिन्न ऐतिहासिक परिप्रेक्ष्य छ । देशका युवा पुस्ता, विशेषगरी जेन-जी पुस्ता, सडकमा उत्रिएर व्यवस्थाको आमूल पुनःसंरचनाको माग गर्दै आन्दोलित भएपछिको पहिलो गणतन्त्र दिवस हो यो । जेन-जी आन्दोलनले केवल सरकार परिवर्तनको माग गरेन, गणतन्त्रको 'आत्मा' लाई नै प्रश्न गऱ्यो। के शासनसत्ता साँच्चिकै जनताको हातमा छ ? बाँकी... स्रोत : **https://nepalnews.com/2026/05/29/republican-zen-g/**

## रूपान्तरणकारी जनादेश र संस्थागत निरन्तरताबीचको टकराव

यदि सुधारमुखी ऊर्जा पुरानो शक्ति सन्तुलन जोगाउन खोज्ने संस्थाहरूसँग ठोक्किरह्यो भने राजनीतिक ध्रुवीकरण र वैधताको संकट बढ्ने सम्भावना छ । नेपाल अब केवल नियमित लोकतान्त्रिक चक्रबाट गुज्रिरहेको देश मात्र रहेन । देश अहिले राजनीतिक रूपान्तरको अझ गहिरो चरणमा प्रवेश गरिरहेको छ, जहाँ जनअपेक्षा केवल प्रतीकात्मक गणतन्त्रवादबाट राज्यको प्रभावकारिता, संस्थागत सुधार, जवाफदेहिता र कार्यकारी क्षमताको मागतर्फ सर्दै गएको छ । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/05/29/the-conflict-between-transformative-mandate-and-institutional-continuity-38-21.html**

## लोकतान्त्रिक गणतन्त्र नभए जनताले सुख पाउँदैनन् : ओली

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न संविधान, संसद, न्यायपालिका र स्वतन्त्र प्रेसजस्ता संस्थाहरूको संरक्षण अपरिहार्य रहेको बताएका छन् । लोकतान्त्रिक गणतन्त्र नभए जनताले सुख पनि नपाउने उनको भनाइ छ । 'लोकतान्त्रिक गणतन्त्र नभए केके गुमाउनु पर्छ भन्ने कुरा गणतन्त्र नरहेका बेला मात्रै समाजले महसुस गर्न पाउँछ, जुन हाम्रो अघिल्लो पुस्ताले भोगेको थियो,' ओलीले गणतन्त्र दिवसको अवसरमा फेसबुकमा लेखेका छन्, 'लोकतन्त्रका यी संस्थाहरू कमजोर भए भने कुनै पनि समाज बलियो रहँदैन, जनताले सुख पनि पाउँदैनन् ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1941781/people-will-not-be-happy-without-a-democratic-republic-oli**

## आज १९ औं गणतन्त्र दिवस मनाइँदै : उपलब्धिको रक्षा र समृद्धिको संकल्प

नेपालमा निरङ्कुश राजतन्त्रको अन्त्य भई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको ऐतिहासिक दिनको स्मरणमा आज देशभर १९औं गणतन्त्र दिवस भव्यताका साथ मनाइँदै छ । तत्कालीन सात राजनीतिक दलको शान्तिपूर्ण जनआन्दोलन र नेकपा (माओवादी) को सशस्त्र सङ्घर्षको जगमा २०६५ साल जेठ १५ गते निर्वाचित पहिलो संविधानसभाको बैठकले २४० वर्ष लामो शाहवंशीय राजतन्त्रलाई बिदा गर्दै नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो । नागरिक सर्वोच्चता स्थापित भएको सोही ऐतिहासिक दिनको सम्मानमा हरेक वर्ष जेठ १५ गतेलाई गणतन्त्र दिवसका रूपमा मनाउने गरिन्छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/566338/celebrating-19th-republic-day-today-a-resolve-to-protect-achievements-and-prosper**

## गणतन्त्र दिवसमा संविधान र संघीय लोकतन्त्र सुदृढ गर्न आह्वान : कांग्रेस सभापति थापा

नेपाली कांग्रेसका सभापति गगन थापाले गणतन्त्र दिवसको अवसरमा शुभकामना सन्देश जारी गर्दै नेपालको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संरक्षण तथा संस्थागत सुदृढीकरण आवश्यक रहेको बताएका छन् । उनले २०६२-६३ को जनआन्दोलनपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा संविधानसभा निर्वाचन सम्पन्न भई २०६५ जेठ १५ मा नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरिएको ऐतिहासिक घटनाको स्मरण गरेका छन् । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/29/770495/**

## लोकतन्त्र सुदृढ बनाउन दृढ सङ्कल्प आवश्यक : उपराष्ट्रपति

उपराष्ट्रपति रामसहायप्रसाद यादवले उदारवादी आदर्श, समावेशिता, समानता र न्यायका आधारमा लोकतन्त्रलाई अझ जीवन्त बनाउन दृढ सङ्कल्पका साथ अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ गणतन्त्र दिवस, २०८३ का अवसरमा शुक्रबार शुभकामना व्यक्त गर्दै उहाँले भन्नुभएको छ, “गणतन्त्र जनताको शासन प्रणाली हो, जहाँ सम्पूर्ण शक्ति जनतामा निहित हुन्छ, जनताद्वारा निर्वाचित जनप्रतिनिधिले जनताप्रति आफ्नो जिम्मेवारी निर्वाह गर्नु नै गणतन्त्रको मूल मर्म हो, संविधानले दिएको अधिकार र कर्तव्यलाई समान रूपमा आत्मसात् गर्दै अघि बढ्न सकेमात्र हाम्रो सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सबल, सुदृढ र जीवन्त रहन सक्छ ।” बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/207944**

## गणतन्त्र दिवसमा राष्ट्रपतिको पहिलो सम्बोधन : गणतन्त्रले सम्पूर्ण राजनीतिक अधिकारको ग्यारेन्टी दिएको छ

राष्ट्रपति रामचन्द्र पौडेलले गणतन्त्रले सम्पूर्ण राजनीतिक अधिकारको ग्यारेन्टी दिएको बताएका छन् । शुक्रबार काठमाडौंको टुँडिखेलमा आयोजित गणतन्त्र दिवस समारोहलाई सम्बोधन गर्दै उनले लोकतान्त्रिक गणतन्त्र संसारकै एक उत्कृष्ट राजनीतिक व्यवस्था भएको उल्लेख गरे । ‘लोकतान्त्रिक गणतन्त्र संसारकै एक उत्कृष्ट राजनीतिक व्यवस्था हो,’ प्रधानमन्त्री वालेन्द्र शाहले सम्बोधन गर्न आग्रह गरेपछि पहिलोपटक गणतन्त्र दिवसमा सम्बोधन गरेका उनले भने, ‘जनता आफैंले बनाएको संविधानमार्फत देशलाई हामीले संघीयता, समावेशिता, सामाजिक न्याय र लोकतन्त्रमा आधारित समाजवादका मान्यताले सिंचित बनाएर थप व्यवस्थित गरेका छौं ।’ बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/05/29/presidents-first-address-on-republic-day-the-republic-has-guaranteed-all-political-rights-34-54.html**

## बौद्ध विश्वविद्यालय, चिकेनरोस्ट र हाम्रो सोच

‘बौद्ध विश्वविद्यालयले विद्यार्थीलाई चिकेनरोस्ट पकाउन लगायो’ भन्ने सांसदको व्यङ्ग्यले यतिबेला शिक्षा क्षेत्रमा नयाँ बहस जन्माएको छ । के विश्वविद्यालयहरू आफ्नो नाम र परम्परागत दर्शनमै खुम्चिएर बस्नुपर्छ कि समयको मागअनुसार आधुनिक सीप र प्रविधिसँग जोडिनुपर्छ ? सरकारको प्राथमिकताका कुराहरूमा सुझाव राख्दै सत्तापक्षका एक माननीयले लुम्बिनी बौद्ध विश्वविद्यालयले ‘हस्पिटालिटी म्यानेजमेन्ट’ विषय अध्यापन गराएको कुराप्रति नकारात्मक टिप्पणी गरेको सुनियो । ‘बौद्ध विश्वविद्यालयले विद्यार्थीलाई चिकेनरोस्ट पकाउन लगाएको’ भन्ने उहाँको व्यङ्ग्य थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1941821/buddhist-university-chickenroast-and-our-thinking**

## गणतन्त्र दिवस मनाउन टुँडिखेल पुगे बालेन, गर्ने छैनन् सम्बोधन

आज गणतन्त्र दिवस विभिन्न कार्यक्रमको साथ मनाइँदै छ । पहिलो संविधान सभाबाट २०६५ जेठ १५ गते राजतन्त्रको अन्त्य गर्दै नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको घोषणा भएको थियो । गणतन्त्र दिवसका अवसरमा सरकारले सार्वजनिक बिदा दिएको छ । आज सैनिक मञ्च टुँडिखेलमा विशेष समारोह गरी सरकारले गणतन्त्र दिवस मनाइरहेको छ । समारोहमा राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री बालेन शाहलगायत विशिष्ट व्यक्तित्वहरू सहभागी भएका छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/566363/balen-arrives-in-tundikhel-to-celebrate-republic-day-will-not-deliver-address**

## लालपुर्जा वितरणमा सीडीओ नै सर्वेसर्वा, राजनीतिक नियुक्ति बन्देज

नेपाल सरकारले जिल्ला तहमा जग्गा बाँड्ने र भूमि समस्या समाधान गर्ने सम्पूर्ण अधिकार प्रमुख जिल्ला अधिकारी (सीडीओ) लाई दिएको छ । 'भूमि सम्बन्धी (एक्काइसौँ संशोधन) नियमहरू, २०८३' मार्फत सरकारले विगतको राजनीतिक नियुक्तिको परम्परालाई ब्रेक गर्दै जग्गासम्बन्धी सम्पूर्ण समस्याको जिम्मा सीडीओलाई दिएको हो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/566350/cdo-is-supreme-in-distributing-red-certificates-political-appointments-are-prohibited**

## 'जेन-जी आन्दोलन' प्रतिवेदनले हल्लायो सत्ता र प्रतिपक्ष

गत वर्ष भदौ २३ र २४ गते भएको 'जेन-जी आन्दोलन' सम्बन्धी घटनामा राष्ट्रिय मानव अधिकार आयोगले सार्वजनिक गरेको २९ पृष्ठ लामो प्रतिवेदनले नेपालको राजनीति, सुरक्षा संयन्त्र र मानवअधिकारको बहसलाई एकैसाथ तरंगित बनाएको छ । आन्दोलनका क्रममा भएको हिंसा, आगजनी, हत्या, सुरक्षाकर्मीको दमन र संगठित विध्वंसबारे आयोगले गरेको निष्कर्षपछि अहिले सत्ता गठबन्धनदेखि प्रतिपक्षसम्म गम्भीर दबाबमा परेका छन् । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/29/770452/**

## आयोगले कारबाहीको सिफारिस गर्न टेकेको सर्वोच्चको त्यो फैसला

राष्ट्रिय मानवअधिकार आयोगले भदौ २३ गतेको घटनामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसहित तीन मन्त्रीलाई कारबाही सिफारिस गर्न मानवताविरुद्धका अपराधमा पछि बनेको कानुनसमेत लागू हुन सक्ने सर्वोच्च अदालतको नजिर टेकेको पाइएको छ । सामान्य फौजदारी सिद्धान्तअनुसार विगतको कार्यलाई पछि कानुन बनाएर कसुर घोषणा गर्न मिल्दैन । तर, आयोगले मानवताविरुद्धका अपराधमा यस्तो बन्देज नलाग्ने सर्वोच्च अदालतको नजिर उद्धृत गर्दै ओलीसहित तीन मन्त्रीलाई कारबाही गर्न सरकारलाई सिफारिस गरेको हो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/29/770458/**

## टुँडिखेलमा विशेष समारोह

नेपालमा शुक्रबार गणतन्त्र दिवस मनाइँदै छ। विसं २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको ऐतिहासिक दिनको स्मरणमा देशभर विभिन्न कार्यक्रम आयोजना गरी यो दिवस मनाउन लागिएको हो । दिवसका अवसरमा काठमाडौँस्थित सैनिक मञ्च टुँडिखेलमा विशेष समारोह आयोजना गरिएको छ। गणतन्त्र मूल समारोह समितिद्वारा आयोजित उक्त कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेल प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुनेछ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/207980**

## शासकीय स्वरूप र राजनीतिक नेतृत्वको चरित्रमा सुधार आवश्यक : राष्ट्रपति पौडेल

राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकमा सुशासन र समृद्धिको जनचाहना पूरा गर्न राज्यसत्ताको चरित्र, आचरण र राजनीतिक निष्ठामा आमूल परिवर्तन ल्याउनुपर्ने बताएका छन्। गणतन्त्र दिवस २०८३ का अवसरमा सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहलाई आज सम्बोधन गर्दै राष्ट्रपति पौडेलले राजनीतिक उपलब्धिलाई नागरिकको जीवनस्तरसँग जोड्नका लागि शासकीय स्वरूप र राजनीतिक नेतृत्वको चरित्रमा सुधार आवश्यक रहेको बताए। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1941901/reforms-are-necessary-in-the-form-of-governance-and-the-character-of-political-leadership-president-poudel**

## गणतन्त्र नेपाली जनताको ऐतिहासित उपलब्धि हो : मुख्यमन्त्री शाह

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाहले गणतन्त्र नेपाली जनताको ऐतिहासिक उपलब्धि भएको बताएका छन्। शुक्रबार परेको १९औं गणतन्त्र दिवसको अवसरमा धनगढीमा आयोजना गरिएको विशेष समारोहलाई सम्बोधन गर्दै शाहले गणतन्त्र स्थापना शासन प्रणाली परिवर्तन मात्र नभएर सार्वभौम जनताको अधिकार, आत्मसम्मान, समानता र लोकतान्त्रिक आकांक्षाको विजय भएको बताएका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1941985/republic-is-a-historic-achievement-of-the-nepali-people-chief-minister-shah**

## सांसद शेर्पाद्वारा संघीय संसद्को 'लोगो' सहित सगरमाथा आरोहण

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रतिनिधिसभा सदस्य मिङमा डेभिड शेर्पाले सङ्घीय संसद्को 'लोगो' सहित सगरमाथा आरोहरण गरेका छन्। उनले बुधबार बिहान ५:४० मा सगरमाथाको आरोहरण गरेको जनाइएको छ । सांसद शेर्पाले 'बेसक्याप' फर्किएपछि बुधबार साँझ आफ्नो सामाजिक सञ्जाल फेसबुकमार्फत नवौं दिनमा सगरमाथाको सफल आरोहण गरेको पोष्ट गरेका थिए। 'सदनदेखि शिखरसम्म' भन्ने नाराका साथ सांसद शेर्पा सगरमाथा आरोहण गरेका थिए। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/566156/sherpa-mp-climbs-mount-everest-with-federal-parliaments-logo**

## सांसद मिङ्मा डेभिड शेर्पाले सगरमाथाको चुचुरोमा फहराए संघीय संसद्को लोगो

प्रतिनिधिसभा सदस्य एवं विश्वविख्यात हिमाल आरोही मिङ्मा डेभिड शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका छन् । 'संसददेखि शिखरसम्म' भन्ने मूल नाराका साथ आरोहणमा निस्किएका सांसद शेर्पाले आज बिहान ५:४० बजे सगरमाथाको चुचुरोमा सफलतापूर्वक पाइला टेकेका हुन् । आरोहणका क्रममा उनले नेपालको संघीय संसद् (प्रतिनिधिसभा) को आधिकारिक लोगोलाई विश्वकै सर्वोच्च स्थानमा फहराएर नयाँ इतिहास रचेका छन् । नेपालको संसदीय इतिहासमा बहालवाला सांसदले संसद्को लोगो बोकेर सगरमाथाको सफल आरोहण गरेको यो नै पहिलो ऐतिहासिक अवसर हो । बाँकी...
स्रोत : **https://nayapage.com/archives/626178**

## विश्व र्‍यांकिङमा त्रिवि : स्कोर बढ्यो, ४ वर्षमा ४ हजार ६०० रिसर्च पेपर

त्रिभुवन विश्वविद्यालयको वर्ल्ड स्कोरमा सुधार आएको छ । सन् २०२५ मा २३.०५ रहेको स्कोर २०२६ मा बढेर २३.५२ पुगेको छ । टाइम्स हायर एजुकेसनको र्‍यांकिङमा यथावत रहे पनि स्कोरमा सुधार आएको हो । विश्व र्‍यांकिङमा भने त्रिवि १५०१ प्लसमा छ । त्रिविले र्‍यांकिङ बढाउन भौतिकशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद अधिकारीको संयोजकत्वमा समिति बनाएको थियो । उक्त समितिले डाटाहरू इन्ट्री गरिरहेकाले पनि स्कोरमा सुधार आएको हो । 'विश्वमा ५० हजार बढी विश्वविद्यालय छन् । त्रिविको र्‍यांकिङ यथावत छ । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/05/1942050/tu-in-world-rankings-score-increases-4600-research-papers-in-4-years**

## करसम्बन्धी संशोधनका भ्रम तथा यथार्थ

सरकारले शुक्रबार संघीय संसद्मा पेस गरेको आर्थिक वर्ष २०८३/८४ को बजेट तथा त्यसपछि जारी आर्थिक विधेयकले धेरै करदातामा केही दुविधा उत्पन्न भएको पाइन्छ। सरकारले शुक्रबार संघीय संसद्मा पेस गरेको आर्थिक वर्ष २०८३/८४ को बजेट तथा त्यसपछि जारी आर्थिक विधेयकले धेरै करदातामा केही दुविधा उत्पन्न भएको पाइन्छ। तिनै प्रश्नमध्ये बजेटमा गरिएका आयकर, मूल्य अभिवृद्धि कर तथा अर्थिक विधेयकका व्यवस्थालाई यहाँ छलफल गर्ने प्रयास गरिएको छ। बाँकी...
स्रोत : **https://ekantipur.com/opinion/2026/05/31/myths-and-realities-of-tax-reforms-13-31.html**

## राजनीतिक हैसियत अनुसार 'डिपार्चर' भुलेको बजेट

तिहासकै सबैभन्दा बलियो सरकार बनेपछि अर्थतन्त्रमा ठूलो 'डिपार्चर' हुने अपेक्षा धेरैको थियो । तर, तपाईंले सडक वा यातायातमा कुनै रूपान्तरणकारी परियोजना देख्नुभयो ? अहँ, देख्नुभएन । बरु गत वर्षभन्दा बजेट नै घट्यो । जलविद्युत् वा सिँचाइमा त्यस्तो कुनै ठूलो परियोजना देख्नुभयो ? त्यो पनि देख्नुएन । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1942826/budget-that-forgets-departure-according-to-political-status**

## स्रोत दबाबले विकास बजेट स्थिर, साधारण खर्च र ऋण भुक्तानी चाप

कुल बजेटमा पूँजीगत खर्चको हिस्सा घटाउँदै सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट सार्वजनिक गरेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको बजेटको आकार २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँ रहेको छ । सरकारले चालु आव २०८२/८३ को संशोधित अनुमानको तुलनामा २५.२ प्रतिशतले आकार बढाएर बजेट ल्याएको छ । तर, आकार त्यसरी तन्काउँदा पनि पूँजीगत बजेटको हिस्सा भने बढ्न सकेन । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1942804/resource-pressure-leads-to-stagnant-development-budget-pressure-on-ordinary-expenditure-and-debt-repayment**

## वार्षिक १० लाखसम्म आयकर नलाग्ने, त्योभन्दा धेरैमा कति र कसरी लाग्छ ?

सरकारले आगामी आर्थिक वर्षदेखि १० लाख रुपैयाँसम्मको आम्दानीमा आयकर नलाग्ने घोषणा गरेको छ । सरकारले सोही अनुसार आयकर ऐन पनि संशोधन गर्न आर्थिक विधेयक २०८२ तयार गरेको छ । आर्थिक विधेयक अनुसार १० लाख रुपैयाँसम्म रोजगारीको करयोग्य आय भए १ प्रतिशत कर लाग्ने छ । तर, एकलौटी फर्म दर्ता भएका करदाताका हकमा, निवृत्तभरण बापत आय निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा यस खण्ड बमोजिमको कर लाग्ने छैन । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1942665/income-tax-is-not-levied-on-income-up-to-1-million-rupees-per-year-how-much-and-how-much-is-levied-on-more-than-that**

## सेयर र घरजग्गा कारोबारमा पूँजीगत लाभकर २.५ प्रतिशत बिन्दुले बढ्यो

सरकारले आगामी आर्थिक वर्षदेखि सेयर र घरजग्गा कारोबारमा लाग्ने पूँजीगत लाभकर बढाएको छ । आगामी आवको बजेट मार्फत सरकारले यस्तो पूँजीगत लाभकर ७.५ प्रतिशतदेखि १० प्रतिशत कायम गरेको हो । हाल यस्तो लाभकर ५ र ७.५ प्रतिशत कायम थियो । १ वर्षभन्दा कम अवधि सेयर होल्ड गर्नेले ७.५ प्रतिशत तथा १ वर्षभन्दा लामो अवधि होल्ड गर्नेले ५ प्रतिशत पूँजीगत लाभकर तिर्दै आएका छन् । अब एक वर्षभन्दा कम होल्ड गर्नेले १० प्रतिशत र बढी होल्ड गर्नेले ७.५ प्रतिशत पुँजीगत लाभ कर तिर्नुपर्ने छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1942688/capital-gains-tax-on-share-and-real-estate-transactions-increased-by-2-5-percentage-points**

## करमा के भयो फेरबदल ?

२०८३ जेठ १५ गते अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेट वक्तव्यसँगै संसद्मा अर्थसम्बन्धी विधेयक दर्ता गरेका छन् । अर्थसम्बन्धी विधेयकबाट प्रचलित आयकर, मूल्य अभिवृद्धि कर, भन्सार, भन्सार महसुल, अन्तःशुल्क र मदिरासम्बन्धी ऐनमा संशोधन गर्ने र सङ्घीय सरकारले सङ्कलन गर्ने विभिन्न नामका अरू करहरू लगाउन र उठाउन कानुनी आधार प्रदान गर्ने काम गरिन्छ । यस विधेयकमा रहेका तत्काल लागु हुने प्रावधानहरूलाई लागु गर्न २०८३ जेठ १५ गतेकै मितिमा नेपाल राजपत्रमा सामयिक कर असुली ऐन, २०१२ बमोजिम सूचना जारी हुन्छ र सोही सूचनाका कारण भन्सार बिन्दुमा लाग्ने करहरू, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र मदिरा कर २०८३ जेठ १५ गतेबाट नै लगाउन कर प्रशासनलाई अधिकार प्राप्त हुन्छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1942970/has-karma-changed**

## ढल्यो भोजपुरको सयवृक्ष, रैथाने सभ्यता उठाउने चुनौती

भोजपुरको हतुवागढीस्थित सिन्द्राङमा सयौं वर्षदेखि ठिङ्ग उभिएको विशाल 'सयवृक्ष' रूख २०८२ सालको चैतमा आएको हावाहुरीले ढाल्यो । यो कुनै सामान्य रूख मात्र थिएन, स्थानीय समुदायको आस्था, मिथक र प्रकृतिको 'जीवित देवता' नै थियो ।  भोजपुरको हतुवागढी गाउँपालिकाअन्तर्गत सिन्द्राङमा 'सयवृक्ष' को विशाल रूख सयौं वर्षदेखि अनेकौं मिथक र इतिहास बोकेर ठिङ्ग उभिएको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1942946/bhojpurs-hundred-year-old-tree-falls-a-challenge-to-revive-indigenous-civilization**

## करिब ६० अर्ब रुपियाँ ठेक्काको 'साम्राज्य' ९ महिनादेखि अलपत्र अनुसन्धान

राज्यका ठूला र प्रतिष्ठित भवन निर्माणका अधिकांश ठेक्का हात पार्दै आएको समानान्तर निर्माण सेवा प्रालिमाथि नक्कली बिलबिजक प्रयोग, आयकर छली तथा आर्थिक अनियमितताको आरोपमा सुरु गरिएको अनुसन्धान नौ महिनादेखि अलपत्र परेको छ। अनुसन्धान प्रक्रिया अस्वाभाविक रूपमा लम्बिँदा प्रभावशाली पहुँच, राजनीतिक संरक्षण र प्रशासनिक सेटिङको आशंका झन् गहिरिएको छ। बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/31/770718/**

## भूकम्पको असर कम गर्ने स्टील सिलिन्डरको आविष्कार

यदि शक्तिशाली भूकम्प आउँदा एकैसाथ बिजुली पनि गयो भने के हुन्छ ? यही समस्यालाई समाधान गर्ने उद्देश्यले वैज्ञानिकहरूले एउटा नयाँ उपकरण विकास गरेका छन् । यसको संरचना निकै सरल छ । एउटा खोक्रो स्टीलको सिलिन्डरभित्र धेरैओटा ठोस स्टीलका गोलाहरू राखिएका छन् । त्यसको बीचबाट एउटा चलायमान डन्डी 'साफ्ट' राखिएको हुन्छ । बाँकी...

स्रोत : **https://abhiyandaily.com/news/459163/invention-of-steel-cylinder-to-reduce-the/**

## दुई वटा विधेयक पारित गर्दै राष्ट्रिय सभा

राष्ट्रिय सभाले आज दुई वटा विधेयक पारित गर्दैछ। प्रधानमन्त्री एवम् गृहमन्त्री वालेन्द्र शाहले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त 'प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३ माथिको दफावार छलफल सदनमा गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची छ । त्यसपछि आज नै यो विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत हुनेछ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1943358/national-assembly-passes-two-bills**

## संसद् पुग्यो श्रमसँग सम्बन्धित दुई वटा महासन्धि

श्रमसँग सम्बन्धित दुई वटा महासन्धि संसद् पुगेको छ । अन्तराष्ट्रिय श्रम संगठनको श्रम निरीक्षण सम्बन्धी महासन्धि र अन्तराष्ट्रिय श्रम संगठनको बाध्यकारी श्रम महासन्धि प्रतिनिधिसभामा पुगेको हो । यी दुवै महासन्धि युवा, श्रम तथा रोजगार मन्त्रालयले प्रतिनिधिसभामा दर्ता भएको हो । आइतबार बस्ने प्रतिनिधिसभाको बैठकमा युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले अन्तर्राष्ट्रिय श्रम संगठनको श्रम निरीक्षण सम्बन्धी महासन्धी पेस गर्दैछन् । आइतबार नै अन्तर्राष्ट्रिय श्रम संगठनको बाध्यकारी श्रम महासन्धी पनि पेस हुनेछ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1943343/two-labor-related-conventions-reach-parliament**

## संविधान संशोधन कार्यदलको प्रस्ताव : प्रत्यक्ष निर्वाचित राष्ट्रपतिदेखि विदेशमा रहेका नेपालीलाई मताधिकारसम्म

संविधान संशोधनको बहसपत्र निर्माण गर्न गठित कार्यदलले छलफलका लागि आठ बुँदामा ५४ प्रस्ताव तयार पारेको छ। विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिने, सबै तहका अदालतका न्यायाधीशको पुनर्नियुक्ति गर्नेदेखि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति व्यवस्था गर्नेसम्मका सवाल प्रस्तावमा राखिएका छन्। बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/05/25/proposal-of-the-constitution-amendment-task-force-from-a-directly-elected-president-to-voting-rights-for-nepalis-living-abroad-33-23.html**

## मधेशमा नयाँ सत्ता गठबन्धनमा खटपट : ९ बुँदे सहमति पत्र कार्यान्वयनमा भएन हस्ताक्षर

मधेशमा आइतबार अपराहन्न सरकार विस्तारको तयारी थियो । शपथ ग्रहण गर्न नेकपा एमालेबाट मन्त्री बन्ने तीन सम्भावित प्रदेश सांसद पनि मुख्यमन्त्री कार्यालयमा आइपुगेका थिए । एमालेले तीनजना मन्त्रीको नामसमेत दिइसकेको छ । तर, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बिच्किदा सरकार विस्तार नै रोकिएको छ । अबेर साँझ मन्त्रीको शपथ लिन आएका प्रदेश सांसदहरु निराश भई रित्तै फर्किएका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938866/struggle-in-new-ruling-coalition-in-madhesh-9-point-agreement-not-signed-for-implementation**

## कतिले गरे कांग्रेस सदस्यता अद्यावधिक ?

नेपाली कांग्रेसमा क्रियाशील सदस्यता टुंगो लगाएसँगै तहगत अधिवेशनको प्रक्रिया सुरु हुन्छ । तर क्रियाशील सदस्यता टुंगो लगाउने विषय नै कांग्रेसभित्र विवादित मुद्दा बन्दै आएको छ। संस्थापन पक्षले आफू अनुकूल हुने गरी सदस्यता वितरण गर्ने र महाधिवेशन प्रतिनिधि छनोटमा चलखेल गर्ने गरेको इतर पक्षको आरोप परम्परा जस्तै छ । पार्टीभित्र यही विषयले सधैं किचलो भए पनि क्रियाशील सदस्यको संख्या भने बढिरहेको विगतमा सार्वजनिक भएको तथ्यांकले देखाउँछ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938710/how-many-people-updated-their-congress-membership**

## कांग्रेस नेता धनराजकी पूर्वपत्नी ज्योतिलाई २१ दिनभित्र अदालत उपस्थित हुन आदेश

मितेरी सहकारी संस्थाको रकम हिनामिना प्रकरणमा मुछिएकी ज्योती गुरुङलाई ललितपुर जिल्ला अदालतले २१ दिने सूचना जारी गरेर सबुतप्रमाणसहित प्रतिउत्तर पेश गर्न भनेको छ । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका २ लामडाँडा स्थायी घर घई हाल ललितपुर महानगरपालिका १४ थसिखेल बस्ने ४८ वर्षीया ज्योती कांग्रेस नेता धनराज गुरुङकी पूर्वपत्नी हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938854/cooperative-fraud-case-congress-leader-dhanrajs-wife-jyoti-ordered-to-appear-in-court-within-21-days**

## चोयाको सामग्री बनाउन सिक्दै विद्यार्थी

म्याग्दीको बेनी नगरपालिका-१० पात्लेखेतमा रहेको दीपक माविका विद्यार्थीहरूलाई वातावरणमैत्री चोयाका सामान बनाउने सीप संरक्षण र हस्तान्तरण गर्न थालिएको छ। विद्यार्थीलाई मौलिक र परम्परागत सीप हस्तान्तरण, संरक्षण र वातावरणमैत्री चोयाका सामग्रीको प्रयोग बढाउने उद्देश्यले डोको, दाम्लो, स्याखु निर्माणसम्बन्धी तालिम सञ्चालन भएको हो । बेनी नगरपालिकाको 'हामी सक्छौं, हामी गर्छौं' कार्यक्रममार्फत कक्षा ९ र १० का विद्यार्थीहरूलाई तालिम सञ्चालन गरिएको दीपक माविका सहायक प्रधानाध्यापक विजय सुवेदीले बताए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938893/students-learning-to-make-choya-ingredients**

## ओलीको असहमतिबीच बन्यो कार्यदल

चार दिनसम्म लम्बिएको नेकपा एमालेको सचिवालय बैठक आइतबार झण्डै ९ घण्टा चल्यो । राति ९ बजेतिर सम्पन्न बैठकले निर्वाचन नतिजाको समीक्षा एवं पार्टी पुनर्गठनको सुझाव प्रतिवेदन तयार पार्नेगरी कार्यदल गठनसहितका निर्णयहरू गरेको छ । उपमहासचिव लेखराज भट्टले दिएको जानकारी अनुसार, सुझाव कार्यदल गठन, असार दोस्रो साता केन्द्रीय कमिटी बैठक आह्वान, सरकारका केही निर्णयहरूप्रति आपत्ति र पार्टीको संगठनात्मक काम व्यवस्थित गर्नेगरी नेताहरूको जिम्मेवारीबारे निर्णय भएको छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938818/task-force-formed-amid-olis-disagreement**

## सार्वजनिक पूर्वाधारका ठूला आयोजनामा वैकल्पिक विकास वित्त परिचालन

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट मार्फत सरकारले सार्वजनिक पूर्वाधारमा निजी र वैकल्पिक वित्त परिचालन नीति लिने भएको छ। सोही प्रयोजनका लागि सरकारले वैकल्पिक विकास वित्त परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसद्बाट पारित गरिसकेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेका अनुसार यसपालि पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्ने नीति सरकारले लिँदैछ। अघिल्लो साता प्रतिनिधिसभा अर्थ समितिमा मन्त्री वाग्लेले भनेका थिए, 'राजस्व वा दातृ निकायले दिएको सानो सहयोगका भरमा मात्र अब हामीले ठूलठूला पूर्वाधार बनाउन सक्ने अवस्था रहेन ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938746/mobilizing-alternative-development-finance-for-large-public-infrastructure-projects**

## कृषि बजेट सीमा घट्यो, के चाहन्छन् किसान ?

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कृषि क्षेत्रको बजेट सीमा (सिलिङ) ५१ अर्ब १४ करोड ९३ लाख रुपैयाँ तोकेको छ। संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा कृषि मन्त्रालयले कृषि क्षेत्रका लागि प्रस्तुत गरेको प्रस्तावित बजेट विवरण अनुसार आगामी आवका लागि कृषिको कुल बजेट सिलिङ चालु आव २०८२/८३ को विनियोजित बजेट ५७ अर्ब ४७ करोड ९४ लाख रुपैयाँको तुलनामा ६ अर्ब ३३ करोड १ लाखले कम हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938711/the-agricultural-budget-limit-has-been-reduced-what-do-farmers-want**

## सुधन गुरुङको बयान लिने तयारी, समिति भन्छ- हामी बोल्दैनौं, प्रमाण बोल्छ

तत्कालीन गृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुधन गुरुङमाथि छानबिन गर्न बनेको समितिले गुरुङको बयान लिने भएको छ । मन्त्रिपरिषद्को २८ वैशाखको बैठकले उच्च अदालतका पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारी अध्यक्ष, महालेखा नियन्त्रक शोभाकान्त पौडेल र सहन्यायाधिवक्ता अच्युतमणि नेउपाने सदस्य रहने गरी गुरुङमाथि छानबिन गर्न समिति गठन गरेको थियो । सुधन गुरुङको बयान लिने तयारी, समिति भन्छ- हामी बोल्दैनौं, प्रमाण बोल्छ । तत्कालीन गृहमन्त्री सुधन गुरुङमाथि छानबिन गर्न गठित समितिले आफ्नो आधा काम सकेर अब गुरुङको बयान लिने तयारी गरेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938648/preparing-to-take-sudhan-gurungs-statement-committee-says-we-dont-speak-the-evidence-speaks**

## तलब वृद्धिमा सरकारको संशय, मौन ट्रेड युनियन र दुई तिहाइ अभिभारा

यदि कर्मचारीलाई ढुक्कसँग जीवन चलाउन पुग्ने तलब र सामाजिक सुरक्षा प्रदान गर्ने हो भने उनीहरूको मनोबल उच्च हुन्छ र भ्रष्टाचारजन्य गतिविधिमा संलग्न हुने प्रवृत्ति स्वतः न्यून भएर जान्छ । नेपालको सार्वजनिक प्रशासन र राजनीतिको सम्बन्ध सधैं उतारचढावपूर्ण रहने गरेको छ । राजनीतिक नेतृत्व आउने र जाने क्रम चलिरहँदा राज्य संयन्त्रलाई निरन्तरता दिने र नागरिकका घरदैलोमा सेवा पुऱ्याउने दायित्व बोकेको संरचना नै निजामती सेवा अर्थात् 'स्थायी सरकार' हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1938559/government-doubts-over-salary-hike-silent-trade-unions-and-two-thirds-majority**

## पार्टी एकता कायम राख्न डा. शेखर कोइरालाले राखे ५ प्रस्ताव

पुस अन्तिम साता भएको विशेष महाधिवेशनपछि विवादमा रुमलिएको नेपाली कांग्रेसमा एकता कायम राख्न नेता डा. शेखर कोइरालाले ५ प्रस्ताव राखेका छन् । आफूलाई भेट्न आएका सभापति गगन थापा, महामन्त्री प्रदीप पौडेललगायतसँग डा. कोइरालाले पार्टीका एकता कायम राख्न भन्दै ५ प्रस्ताव राखेको सचिवालयले जानकारी दिएको हो । डा. कोइरालाले रातोपाटीसँग आइतबार भएको कुराकानीमा पनि आफूले पार्टीमा एकता कायम राख्नका लागि केही प्रस्ताव सभापति र पदाधिकारीसमक्ष राखेको बताएका थिए । 'मलाई वरिष्ठ नेता चाहिएको छैन । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/565430/dr-shekhar-koirala-puts-forward-5-proposals-to-maintain-party-unity**

## नेपाली कूटनीतिक नियोगमा समस्यै-समस्या

महालेखा परीक्षकको कार्यालयले ६३औँ वार्षिक प्रतिवेदनमा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा आर्थिक अनियमितता र अपारदर्शिताका फेहरिस्त औँल्याएको छ। आर्थिक वर्ष ०८१/८२ मा परराष्ट्र मन्त्रालय र मातहतका ४८ निकायको २२ अर्ब ३९ करोड ३२ लाख रुपैयाँबराबरको लेखा परीक्षण गरेकोमा मनपरी भत्ता वितरण, घर भाडा भुक्तानीलगायत बेथिति उजागर गरेको छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/195879/2026-05-25**

## कृषिको आधा बजेट रासायनिक मलमा

कृषि, वन तथा पर्यावरण मन्त्रालयले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमा कृषितर्फ ५१ अर्ब १४ करोड ९३ लाख रुपैयाँको कार्यक्रम प्रस्ताव गरी अर्थ मन्त्रालय पठाएको छ। त्यसमध्ये २८ अर्ब रुपैयाँ रासायनिक मलमा किसानलाई अनुदान दिने गरी कार्यक्रम प्रस्ताव गरिएको छ। मलमा अनुदान दिन प्रस्तावित रकम कृषि बजेटको ५४.७४ प्रतिशत हो। रासायनिक मलका लागि प्रस्तावित बजेटबाट आगामी आवमा ६ लाख टन मल आयात भई २० लाखदेखि २२ लाख कृषकलाई वितरण गर्ने लक्ष्य राखिएको छ। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/195885/2026-05-25**

## कार्यदल बनाएर ओलीले मत्थर पारे नेतृत्व हस्तान्तरण बहस

१९ सदस्यीय सचिवालयमा बहुमतले पार्टी पुनर्गठनका लागि नेतृत्व हस्तान्तरणका लागि माग गरेपछि नैतिक र राजनीतिक दबाबमा आएका एमाले अध्यक्ष केपी ओलीले यो मुद्दालाई केन्द्रीय कमिटीबाट टुंग्याउने भन्दै पछाडि धकेलेका छन्। पार्टी पुनर्गठनको बहस निर्णायक चरणमा प्रवेशसँगै अन्तिम टुंगो केन्द्रीय कमिटी बैठकबाटै गर्ने सचिवालयको निर्णयले पार्टीभित्र ध्रुवीकरण बढाउने देखिएको छ। बहुसंख्यक सचिवालय सदस्यहरू पुनर्गठनको पक्षमा उभिएपछि एमालेमा शक्ति संघर्ष थप चर्किने संकेत देखिएको छ। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/195872/2026-05-25**

## आठ वटा विषयलाई केन्द्रमा राखेर सुझाव सङ्कलन

संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदलले शासकीय स्वरूप, निर्वाचन प्रणालीसहित मुख्य आठ वटा विषयलाई केन्द्रमा राखेर सुझाव सङ्कलन गरिरहेको छ। कार्यदलले संविधान संशोधनका लागि आधारपत्र तयार गर्न सङ्घीयताको प्रभावकारी कार्यान्वयन, प्रदेश र स्थानीय तहको निर्वाचन, न्यायालयमा सुधार, मन्त्रालयको सङ्ख्या र विज्ञलाई मन्त्री बनाउने वा जनप्रतिनिधिलाई भन्नेलगायतका विषयमा सुझाव लिने कार्यलाई तीव्रता दिएको हो। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/207365**

## बुटवल-पाल्पा सुरुङमार्गमा आगामी असोजदेखि यातायात सञ्चालन गर्ने तयारी

सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-पाल्पा सडकखण्डमा निर्माणाधीन सुरुङमार्ग आगामी असोजदेखि सञ्चालनमा ल्याउने लक्ष्यसहित निर्माण कार्य तीव्र पारिएको छ। आयोजनाले सुरुङमार्गभित्रका संरचना निर्माण, पहुँच सडक र सुरक्षा व्यवस्थासम्बन्धी कामलाई एकसाथ अघि बढाएको जनाएको छ। आयोजनाका अनुसार सुरुङमार्गको हालसम्म भौतिक प्रगति ६८ प्रतिशत र वित्तीय प्रगति ५८ प्रतिशत पुगेको छ। पाँच वर्षे निर्माण अवधि तय गरिएको उक्त आयोजना 'इन्जिनियरिङ प्रोक्युरमेन्ट एन्ड कन्स्ट्रक्सन' (इपिसी) मोडलमा निर्माण भइरहेको छ। बाँकी...

स्रोत : **https://ehimalayatimes.com/2026/05/451041/**

## 'एनसेल-स्मार्ट सेटिङ स्क्याम' : इतिहासकै सबैभन्दा ठूलो आर्थिक तथा नीतिगत घोटाला

दूरसञ्चार क्षेत्रमा मात्रै होइन, नेपालको इतिहासकै सबैभन्दा ठूलो आर्थिक तथा नीतिगत घोटालामध्ये कै एक 'एनसेल-स्मार्ट सेटिङ स्क्याम'को पर्दा खुल्दै जाँदा नेपालको राजनीतिक, आर्थिक र कानुनी लगायतका क्षेत्रमा तरंग उत्पन्न गरेको छ। बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/25/769943/**

## मन्त्रालय घटाएर १२ बाट ८ मा झारिने, उद्यमशील लुम्बिनी अभियान चलाइने

लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत भएको छ । प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले प्रदेश सभामा सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । नीति तथा कार्यक्रममा कृषि, पर्यटन, पूर्वाधार विकास, रोजगार, शिक्षा, स्वास्थ्य तथा सुशासनलाई प्राथमिकतामा राखिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1939188/ministries-to-be-reduced-from-12-to-8-entrepreneurial-lumbini-campaign-to-be-launched**

## सहकारीको २१ अर्ब ठगलाई राज्यकै संरक्षण : गोल्छादेखि पाण्डेसम्म समातिए, भेटिएनन् जीबी राई !

रकारी संयन्त्रकै सहयोगमा ५ वर्षअघि फरार जीबी राईका कम्पनीहरू भने अहिलेसम्म पनि निरन्तर सञ्चालन भइरहेका छन् । एक दर्जन सहकारी संस्थाबाट सर्वसाधारणको २१ अर्बभन्दा बढी रकम ठगी गरेका राई मलेसियामा भएको नेपाल प्रहरीले पत्ता लगाए पनि हालसम्म पक्राउ परेका छैनन् । तर, सहकारीमा जनताले बचत गरेको पैसा लगेर उनले खोलेका नेटवर्किङ लगायत काम गर्ने व्यक्तिगत कम्पनी भने अहिले पनि निरन्तर सञ्चालन भइरहेको पाइएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1939148/the-state-protects-the-21-billion-fraudster-of-the-cooperative-from-golchha-to-pandey-they-were-caught-but-gb-rai-was-not-found**

## नेपालको हवाई क्षेत्रलाई ईयूको कालोसूचीबाट हटाउन परराष्ट्रमन्त्री खनालको आग्रह

परराष्ट्रमन्त्री शिशिर खनालले नेपालको हवाई क्षेत्रलाई युरोपेली संघ (ईयू) को उडान सुरक्षा सूची (कालोसूची) बाट हटाउने प्रक्रियामा सहयोग गर्न ईयूका सदस्य राष्ट्रहरूसँग आग्रह गरेका छन् । सोमबार परराष्ट्र मन्त्रालयमा ईयूका राजदूतहरूको संयुक्त प्रतिनिधिमण्डलसँगको भेटमा मन्त्री खनालले हवाई सुरक्षाको क्षेत्रमा नेपालले गरेको उल्लेखनीय प्रगति र भइरहेका सुधारलाई ध्यानमा राख्दै उक्त सूचीबाट हटाउन आग्रह गरेका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1939170/foreign-minister-khanal-urges-removal-of-nepals-airspace-from-eu-blacklist**

## ३५ दिने म्याद सकियो, फिर्ता भएन त्रिविको अतिक्रमित जग्गा

त्रिभुवन विश्वविद्यालय (त्रिवि) को अतिक्रमित जग्गा फिर्ता गर्न दिइएको ३५ दिने म्याद सकिए पनि कुनै पनि निकायले जग्गा फिर्ता गरेका छैनन्। त्रिविले जग्गा अतिक्रमणमा संलग्न १७ निकायलाई ३५ दिनभित्र जग्गा फिर्ता गर्न वैशाख ४ मा सूचना जारी गर्दै पत्राचार गरेको थियो। तर, कुनै पनि निकायबाट जग्गा फिर्ता नभएको त्रिवि सामान्य प्रशासन महाशाखाका प्रमुख राजबहादुर राईले जानकारी दिए। '१७ निकायलाई पत्र लेखका थियौं। तीमध्ये ९ वटा निकायले जवाफ लेखेका छन्,' उनले भने, 'तीमध्ये पनि ३ वटाले जग्गा खाली गर्न प्रक्रिया अघि बढाएको जानकारी दिएका छन्। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/26/35-day-deadline-expires-tu-encroached-land-not-returned-54-11.html**

## ‘न्यायाधीशले नजीर प्रतिकूल फैसला गरे अवहेलनामा कारबाही गर्न मिल्दैन’

सर्वोच्च अदालतले नजिर र कानूनको सिद्धान्त प्रतिकूल फैसला वा निर्णय गर्दैमा कुनैपनि न्यायाधीशलाई अदालतको अवहेलना गरेको आरोपमा मुद्दा चलाउन नमिल्ने व्याख्या गरेको छ । उच्च अदालत पाटनका न्यायाधीशहरूले नजिरको सिद्धान्त विपरीत विवादित प्रकृतिको आदेश गरेको भन्दै सर्वोच्च अदालतमा अवहेलनाको कारवाहीको माग सहित निवेदन दर्ता भएको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1939431/if-a-judge-makes-a-decision-that-goes-against-precedent-contempt-proceedings-cannot-be-taken**

## प्रधानमन्त्रीले आज ईयूआबद्ध देशका राजदूत र मिसन प्रमुखसँग छलफल गर्ने

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) ले युरोपेली संघ (ईयू) मा आबद्ध देशका गैरआवासीय राजदूत र मिसन प्रमुखहरूसँग छलफल गर्ने भएका छन् । उनले मंगलबार बिहान (ईयू) मा आबद्ध देशका गैरआवासीय राजदूत र मिसन प्रमुखहरूसँग सामूहिक छलफल गर्ने भएका हुन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रधानमन्त्री शाहले बिहान ११:३० बजे सामूहिक भेट र संवाद गर्ने कार्यक्रम तय भएको सचिवालयले जनाएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1939589/prime-minister-to-hold-discussions-with-ambassadors-and-heads-of-missions-of-eu-member-countries-today**

## रमेश लेखकको क्षेत्रका सभापतिको जिम्मेवारी खोसियो, अद्यावधिकको जिम्मा उपसभापतिलाई

नेपाली कांग्रेसले पूर्वगृहमन्त्री रमेश लेखकको निर्वाचन क्षेत्रका सभापति केशव चन्दको जिम्मेवारी खोसेको छ । क्रियाशील सदस्यता अद्यावधिकमा असहयोग गरेको भन्दै पार्टीले कञ्चनपुर-३ का क्षेत्रीय सभापति चन्दको जिम्मेवारी खोसेको हो । उनले अद्यावधिकको काम अघि नबढाएपछि कांग्रेसले उपसभापति पदमराज अवस्थीलाई जिम्मेवारी दिएको छ । पार्टीले खटाएका केन्द्रीय प्रतिनिधिहरू नरेन्द्रप्रसाद भट्ट र पदमराज पन्तले क्षेत्रीय उपसभापति अवस्थीलाई अद्यावधिकको काम अघि बढाउन भन्दै पत्र दिएका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1939585/ramesh-lekhaks-responsibility-as-regional-president-taken-away-responsibility-for-updates-transferred-to-vice-president**

## कांग्रेसले माग्यो लुम्बिनीको मुख्यमन्त्री

नेपाली कांग्रेस लुम्बिनी प्रदेश संसदीय दलको बैठकले पूर्वसमझदारी अनुसार लुम्बिनी प्रदेश सरकारको नेतृत्वमा दाबी गरेको छ । लुम्बिनी सरकारको नेतृत्व नपाउँदासम्म हाल सरकारमा रहेका आफ्ना मन्त्रीहरु फिर्ता नबोलाउने निर्णय बैठकले गरेको छ । बैठकमा सहभागी एक मन्त्रीका अनुसार तीन दिनभित्र पार्टी केन्द्रले पूर्व समझदारीअनुसार सरकारको नेतृत्व नेपाली कांग्रेसले पाउने निर्णय कार्यान्वयनका लागि पहल गर्न आग्रह गर्ने निर्णय गरेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1939548/nepali-congress-demands-lumbini-chief-minister**

## पहाडी क्षेत्रमा मध्यम वर्षा, कैलाली-कञ्चनपुरमा तातो हावा चल्ने

आज काठमाडौं उपत्यकासहितका केही ठाउँमा वर्षा भएको छ । पश्चिमी वायु र स्थानीय वायुको प्रभाव रहेकोले वर्षा भएको हो । मौसम पूर्वानुमान महाशाखाका अनुसार आज दिउँसो कोशी बागमती र गण्डकी प्रदेशलगायत लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्नेछ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशको तराईमा आंशिक बादल लाग्नेछ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1939543/moderate-rain-in-hilly-areas-hot-winds-in-kailali-kanchanpur**

## प्रतिनिधिसभा बैठक बस्दै, यस्तो छ सम्भावित कार्यसूची

प्रतिनिधिसभाको बैठक आज बिहान ११:०० बजे बस्दैछ । सङ्घीय संसद् सचिवालयका अनुसार बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले 'पर्यटन विधेयक, २०८१' माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने सम्भावित कार्यसूची छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1939521/house-of-representatives-meeting-underway-here-is-the-possible-agenda**

## सहकारीको २१ अर्ब ठगलाई राज्यकै संरक्षण : गोल्छादेखि पाण्डेसम्म समातिए, भेटिएनन् जीबी राई !

सरकारी संयन्त्रकै सहयोगमा ५ वर्षअघि फरार जीबी राईका कम्पनीहरू भने अहिलेसम्म पनि निरन्तर सञ्चालन भइरहेका छन् । एक दर्जन सहकारी संस्थाबाट सर्वसाधारणको २१ अर्बभन्दा बढी रकम ठगी गरेका राई मलेसियामा भएको नेपाल प्रहरीले पत्ता लगाए पनि हालसम्म पक्राउ परेका छैनन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1939148/the-state-protects-the-21-billion-fraudster-of-the-cooperative-from-golchha-to-pandey-they-were-caught-but-gb-rai-was-not-found**

## त्रविको अतिक्रमित जग्गा प्रकरण : १७ संघसंगठनमध्ये ९ ले जवाफ दिए, ८ वटाले दिएनिन

त्रिभुवन विश्वविद्यालय आफ्नो स्वामित्वमा रहेको अतिक्रमित जग्गा खाली गर्न १८ निकायलाई पत्राचार गरेको आज ३५ दिन पुगेको छ । वैशाख ४ गते सार्वजनिक सूचना जारी गरे पनि १७ निकायलाई ९ गतेको मिति राखेर पत्राचार गरेको थियो । त्रिविको जग्गा अतिक्रमण गर्ने निकायको संख्या २२ छ, तर १७ वटालाई मात्र पत्र पठाएको हो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/26/770077/**

## कर्मचारीको तलब २५ प्रतिशतसम्म बढ्ने संकेत

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माण अन्तिम चरणमा पुगेसँगै कर्मचारी वृत्तमा सबैभन्दा बढी चासोको विषय बनेको तलब वृद्धिबारे अर्थ मन्त्रालयभित्र तीव्र छलफल भइरहेको छ । मन्त्रालय स्रोतका अनुसार यसपटकको बजेटमा कर्मचारीको तलब वृद्धि गर्ने विषयले उच्च प्राथमिकता पाएको छ भने २० देखि २५ प्रतिशतसम्म तलब वृद्धि हुनसक्ने संकेत देखिएको छ । यतिबेला अर्थ मन्त्रालयका अधिकारीहरू बिहान सबेरैदेखि राति अबेरसम्म बजेट लेखनमा खटिएका छन् । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/26/770075/**

## राष्ट्रिय अर्थतन्त्रमा बाह्य दबाब बढ्यो, विनिमय सञ्चितिले साढे १८ महिना धान्ने

विश्व भू-राजनीतिक तनाव, मध्यपूर्वी एसियामा जारी युद्ध तथा इन्धनको मूल्यमा भएको तीव्र वृद्धिका कारण नेपालको अर्थतन्त्र प्रभावित भएको देखिएको छ। यद्यपि विदेशी विनिमय सञ्चिति भने हालसम्मकै उच्च अवस्थामा पुगेको छ, जसले १८.५ महिनासम्मको वस्तु तथा सेवा आयात धान्न सक्ने अवस्था रहेको बताइएको छ। सरकारले बुधबार प्रतिनिधिसभामा पेश गरेको चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षणले मुलुकको समग्र आर्थिक अवस्था प्रभावित हुने आकलन गरेको हो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1940599/external-pressure-on-the-national-economy-increased-foreign-exchange-reserves-will-cover-18-and-a-half-months**

## बर्ड फ्लू अलर्ट : पन्छीबाट मानिससम्म सर्न सक्ने भाइरस कति खतरनाक ?

यदि संक्रमित कुखुरा जोगाएर राखियो भने संक्रमण नियन्त्रण बाहिर जान सक्छ। यही कारणले विश्वभर संक्रमित क्षेत्रका पन्छी नष्ट गर्ने अभ्यास अपनाइन्छ, अहिले देशका विभिन्न भागमा बर्ड फ्लू देखा परिरहेको छ। काठमाडौंको पनि गोकर्णेश्वर नगरपालिका वडा नं. २, ३ र ४ मा बर्ड फ्लू पुष्टि भएपछि अहिले स्थानीय तहले उच्च सतर्कता अपनाएको छ। संक्रमित क्षेत्रमा कुखुरा, हाँस, बट्टाई, लौकाटजस्ता पन्छी नष्ट गर्ने, खोर निसंक्रमण गर्ने र पन्छीजन्य वस्तुको ओसारपसारमा नियन्त्रण गर्ने काम भइरहेको छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1940431/bird-flu-alert-how-dangerous-is-the-virus-that-can-be-transmitted-from-birds-to-humans**

## राष्ट्रिय अर्थतन्त्रमा बाह्य दबाब बढ्यो, विनिमय सञ्चितिले साढे १८ महिना धान्ने

विश्व भू-राजनीतिक तनाव, मध्यपूर्वी एसियामा जारी युद्ध तथा इन्धनको मूल्यमा भएको तीव्र वृद्धिका कारण नेपालको अर्थतन्त्र प्रभावित भएको देखिएको छ। यद्यपि विदेशी विनिमय सञ्चिति भने हालसम्मकै उच्च अवस्थामा पुगेको छ, जसले १८.५ महिनासम्मको वस्तु तथा सेवा आयात धान्न सक्ने अवस्था रहेको बताइएको छ। बाँकी... स्रोत : **https://ehimalayatimes.com/2026/05/451031/**
**https://www.onlinekhabar.com/2026/05/1940599/external-pressure-on-the-national-economy-increased-foreign-exchange-reserves-will-cover-18-and-a-half-months**

## २३ भदौमा मानवअधिकार उल्लंघन, २४ मा संगठित आपराधिक कार्य

राष्ट्रिय मानवअधिकार आयोगले गत वर्ष २३ भदौको जेन-जी आन्दोलनमा मानवअधिकार उल्लंघन भएको र भोलिपल्ट २४ भदौमा पूर्वयोजनाअनुसार संगठित रूपमा आपराधिक कार्य गरिएको निष्कर्ष निकालेको छ। मानवअधिकार उल्लंघनमा संलग्न अधिकारीलाई कारबाही गर्न र आपराधिक कार्यमा संलग्न व्यक्तिमाथि थप अनुसन्धान गर्न आयोगले सरकारलाई सिफारिस गरेको छ। आयोगले २३ भदौमै सदस्य लिली थापाको नेतृत्वमा ६ सदस्यीय समिति गठन गरेर घटनाको अनुसन्धान तथा छानबिन गरेको थियो। समितिले प्रतिवेदन बुझाएको दुई महिनापछि बुधबार प्रतिवेदनको सिफारिस खण्डका विवरणहरू आयोगले सार्वजनिक गरेको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/28/human-rights-violations-on-23-bhadra-organized-criminal-activities-on-24-22-53.html**

## १५औं महाधिवेशनपछि ‘जम्बो’ बन्दै कांग्रेस केन्द्रीय समिति, सहमहामन्त्री ११ जना

नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट २४० सदस्यीय केन्द्रीय कार्यसमिति चयन हुने भएको छ। गत पुसमा आयोजित विशेष महाधिवेशनमा संशोधन गरिएको विधानमा २४० सदस्यीय केन्द्रीय कार्यसमितिको व्यवस्था गरिएको छ। विधानअनुसार महाधिवेशनबाट सभापतिसहितका पदाधिकारी र केन्द्रीय सदस्यहरू गरी १७१ जना निर्वाचित हुने छन्। ६१ जनालाई सभापतिले केन्द्रीय सदस्यमा मनोनयन गर्ने व्यवस्था विधानमा गरिएको छ। विधानअनुसार सात प्रदेश सभापति र प्रतिनिधिसभा दलको नेता पदेन सदस्य हुने छन्। ‘प्रतिनिधिसभा संसदीय दलको नेता र प्रदेश कार्यसमितिको सभापति केन्द्रीय कार्यसमितिको पदेन सदस्य हुनेछ,’ संशोधित विधानमा उल्लेख छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1941146/congress-central-committee-becomes-jumbo-after-15th-general-convention-11-joint-general-secretaries**

## गण्डकीमा विधायिकी अधिकार खोसेर बजेट रकमान्तर, आर्थिक अनुशासनमा प्रश्न

बजेट रकमान्तर गरेर सरकार चलाइरहेका दलका नेता र मन्त्रीहरूको मिलेमतोमा आफ्ना योजनामा बजेट हाल्ने प्रवृत्तिका कारण आलोचित हुँदै आएको गण्डकी प्रदेश सरकारले यस पटक पनि त्यस्तै निर्णय गरेको छ। अघिल्लो वर्षसम्म बजेट रकमान्तर गर्नुअघि अनिवार्य अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्थाअनुसार नै निर्णय गरिएकोमा यो वर्ष रकमान्तर अधिकार विषयगत मन्त्रालयलाई नै दिइएको छ। २ वर्ष रकमान्तर गर्नकै लागि संसद्बाट ऐन नै संशोधन गरेको गण्डकी प्रदेश सरकारले यस पटक मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, सत्तारुढ दल नेकपा एमाले संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री खगराज अधिकारीको सहमतिमा विषयगत मन्त्रालयबाटै रकमान्तर गर्न सकिने व्यवस्था गरेको हो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1941070/budget-transfer-by-taking-away-legislative-powers-in-gandaki-questions-on-financial-discipline**

## जेनजी आन्दोलनबारे आयोग : तीन सुरक्षा निकायलाई कारबाही, सेनाको हकमा नरम

राष्ट्रिय मानव अधिकार आयोगले तीन वटा सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग) का उच्च पदस्थ कर्मचारीहरूलाई कारबाहीको सिफारिस गरेको छ। गत २३ र २४ भदौ भएको जेनजी आन्दोलनबारे छानबिन गरेको आयोग नेपाली सेनाबारे भने नरम देखिएको छ। आयोगले बुधबार सार्वजनिक गरेको निष्कर्ष खण्डको २९ पृष्ठ लामो प्रतिवेदनमा तीन सुरक्षा निकायका सुरक्षाकर्मीहरूको कमी-कमजोरी औंल्याउँदै कारबाही सिफारिस गरेको हो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1940982/commission-on-genji-movement-action-taken-against-three-security-agencies-lenient-on-the-army**

## घुमाउरो शैलीमा बजेटमा घुस्दैछ सांसद विकास कोष

यस वर्ष पनि घुमाउरो शैलीमा बजेटमा ‘सांसद विकास कोष कार्यक्रम’ घुस्ने भएको छ। सरकारले आगामी आर्थिक वर्षको बजेटको पूर्वतयारीअन्तर्गत सांसदहरूसँग निर्वाचन क्षेत्रकेन्द्रित योजना मागेर बजेटमा समावेश गर्ने तयारी गरेको हो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयका सम्बद्ध अधिकारीहरूका अनुसार सांसदहरूसँग योजना लिने काम तत्कालीन सहरी विकास मन्त्रालय (हालको पूर्वाधार विकास मन्त्रालय) ले गरेको हो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1940965/mp-development-fund-is-entering-the-budget-in-a-roundabout-way**

## १२ करोड भ्रष्टाचार काण्डमा मुछिएका कर्ण चलखेलमा

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका तत्कालीन महानिर्देशक सञ्जीवकुमार कर्णलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १२ करोड भन्दा बढी भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर गरे पनि त्यसबाट उम्कन कर्णले विभिन्न तिकडम र चलेखल गरिरहेका छन् । कर्णसहित १३ जनाविरुद्ध अख्तियारले कृषि आधुनिकीकरण परियोजनामार्फत प्रयोगशाला मोबाइल भ्यान खरिद गर्दा भ्रष्टाचार गरेको भन्दै १२ करोड ४० लाख ४७ हजार ५ सय ५८ रुपियाँ बिगो माग गर्दै मुद्दा दायर गरेको थियो । बाँकी...
स्रोत : **https://newsofnepal.com/2026/05/28/770350/**

## १९५ दिन विद्यालय खोल्न निर्देशन

शिक्षा तथा मानवस्रोत विकास केन्द्रले चालू शैक्षिक सत्रमा १९५ दिन विद्यालय खोल्न निर्देशन दिएको छ । शिक्षा तथा मानवस्रोत केन्द्रले शनिवार र आइतबार दुई दिन विद्यालय बन्द भएपछि नियमित रूपमा १८४ दिन र ११ दिन वर्षे बिदा जोडेर १९५ दिन पठनपाठन चालू गर्न निर्देशन दिएको हो । केन्द्र, प्रदेश र स्थानीय तहबीच समन्वय गरी सबै शिक्षण संस्थालाई १९५ दिन पठनपाठन गर्ने व्यवस्था गरेको हो । केन्द्रका उपमहानिर्देशक महेन्द्रप्रसाद पराजुलीले चालू शैक्षिक सत्रदेखि १ हजार २४ पाठ्यघण्टा कायम गरेको जानकारी दिनुभयो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/28/770348/**

## ओली-लेखक-गुरुङलाई मानव अधिकार उल्लंघनको दोष, दुई आईजीपी पनि कारबाही सिफारिसमा

राष्ट्रिय मानवअधिकार आयोगले गत भदौ २३ र २४ गते भएको ‘जेन-जी आन्दोलन’ सम्बन्धी बहुप्रतीक्षित प्रतिवेदन सार्वजनिक गर्दै आन्दोलनका क्रममा हिंसा भड्काउन, भीडलाई उत्तेजित बनाउन, सुरक्षाको जिम्मेवारी पूरा नगर्न र मानवअधिकार उल्लंघन गर्न भूमिका खेलेको भन्दै राजनीतिज्ञ, सुरक्षाकर्मी, सामाजिक अभियन्ता, कलाकार, पूर्वप्रशासक तथा प्रभावशाली व्यक्तिहरूमाथि अनुसन्धान र कारबाही सिफारिस गरेको छ । आयोगले आफूले तयार पारेको विस्तृत प्रतिवेदन सरकारलाई बुझाउन समय मागेको तर सरकारले समय उपलब्ध नगराएको भन्दै बुधबार सार्वजनिक गरेको हो । बाँकी...
स्रोत : **https://newsofnepal.com/2026/05/28/770344/**

## मन्त्रिपरिषद् बैठकमै थिए राय, साँझमै गुम्यो मन्त्री पद

मधेस प्रदेश सरकारको मन्त्रिपरिषद् पुनर्गठनसँगै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जंगीलाल रायको पद गुमेको छ । अन्तिम समयसम्म आफू मन्त्री पदमै कायम रहने विश्वासमा रहेका रायलाई मंगलबार साँझ अचानक पद छाड्न भनिएपछि उनी झस्किएका थिए । करिब चार घण्टासम्म चलेको मन्त्रिपरिषद् बैठकमा सहभागी भएका राय बैठकभर सामान्य र सहज देखिएका थिए । सरकार विस्तार, मन्त्रालय बाँडफाँट र आगामी कामकारबाहीलाई प्रभावकारी बनाउने विषयमा छलफल भइरहँदा पनि आफूलाई हटाइने सङ्केत उनले पाएका थिएनन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/565882/rai-was-present-at-the-cabinet-meeting-but-lost-his-ministerial-position-in-the-evening**

## सुशासन र भ्रष्टाचार नियन्त्रणमा लगानी किन ?

सुशासन राजनीतिक नारा होइन, राज्य सञ्चालनको आधारभूत पूर्वाधार हो। सुशासन प्रवर्द्धनमाथि पर्याप्त लगानी नगरेसम्म सेवा सुधार र विकास निर्माणको गुणस्तरमा राज्यको लगानी परिणाममुखी हुँदैन।सरकारले यही वैशाख २८ गते संसद्मा पेस गरेको नीति तथा कार्यक्रममा नेपाललाई सम्मानित मध्यम आय भएको देशमा स्तरोन्नति गरी आगामी दशक औसत वार्षिक वृद्धिदर सात प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । त्यसैगरी सरकारले जारी गरेको १०० बुँदे कार्यसूचीको प्रभावकारी कार्यान्वयनका लागि सुशासन र भ्रष्टाचार नियन्त्रण पूर्वसर्तका रूपमा रहेको छ । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/05/27/why-invest-in-good-governance-and-corruption-control-20-38.html**

## तीन सातापछि रास्वपाको प्रथम महाधिवेशन : सभापतिमा लामिछाने दोहोरिने, अन्य पदाधिकारीमा पनि सहमतिको प्रयास

रास्वपाले चितवनमा आगामी ७-९ असारमा हुने पहिलो महाधिवेशनबाट सभापतिमा रवि लामिछानेलाई नै दोहोऱ्याउने भएको छ। पार्टी सभापतिमा लामिछानेको विकल्प नभएको रास्वपाका नेताहरूले सार्वजनिक रूपमा नै बताउँदै आएका छन्। रास्वपाले पार्टी स्थापनाको चार वर्षमा पहिलो महाधिवेशन गर्न लागेको हो। असार २०७९ मा लामिछानेको नेतृत्वमा स्थापित रास्वपाले पाँच महिनामै भएको प्रतिनिधिसभा निर्वाचनमा २० सिट जितेको थियो। बाँकी...स्रोत : **https://ekantipur.com/politics/2026/05/27/the-first-general-convention-of-the-rashtriya-swayamsevak-sangh-rss-will-be-held-in-three-weeks-17-28.html**

## ३० हजार मेगावाटको लक्ष्य : बजेटले फुकाउला नीतिगत गाँठो ?

देशलाई लोडसेडिङमुक्त बनाउँदै ऊर्जामा आत्मनिर्भरतातर्फ डोऱ्याएको निजी क्षेत्र आगामी १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने राष्ट्रिय लक्ष्यमा सघाउन तयार छ । सरकारले बजेटमा पूँजी छर्नुभन्दा पनि पीपीए, विद्युत् व्यापार र नीतिगत अड्चन फुकाउँदै वितरण तथा अन्तरदेशीय प्रसारण लाइनमा मात्र केन्द्रित गर्नुपर्छ । वर्तमान समयमा नेपालको ऊर्जा क्षेत्र राष्ट्रिय अर्थतन्त्रको एउटा बलियो खम्बाका रूपमा उदाएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1939851/30000-mw-target-will-the-budget-untie-the-policy-knot**

## 'नीति तथा कार्यक्रममा चुरेको खनिज उत्खननको कुरा छ, संरक्षण शब्दै छैन'

'हरेक राजनीतिक उथलपुथल र राज्य वा प्रशासनको बेवास्ताका कारण जङ्गलको फँडानी र सारा जङ्गल सखाप भयो । पूर्व-पश्चिम राजमार्ग बनेपछि पनि जङ्गल सखाप भयो। शहरीकरण र अव्यवस्थित बसोबास बढ्यो' । नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले चुरे र तराईको तीव्र दोहन नरोकिने हो भने आगामी केही दशकभित्रै तराई पूर्ण रूपमा मरुभूमिमा परिणत हुने बताएका छन् । डा. यादवकै पालामा नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ मा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयनको सुरुआत गऱ्यो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1940347/the-policy-and-program-mentions-mineral-extraction-in-chure-but-there-is-no-mention-of-conservation**

## बाजुराको हिमाली गाउँपालिकाका अध्यक्षविरुद्ध हुम्लामा काठ तस्करीको उजुरी

बाजुराको हिमाली गाउँपालिका अध्यक्ष गोविन्द मल्लसहित चारजना विरूद्व तस्करीको उजुरी दर्ता भएको छ । हुम्लाको खार्पुनाथ गाउँपालिका-३ लाम्पाटा च्याचउर वन क्षेत्रमा काठ र वन्यजन्तु तस्करी गरेको भन्दै हिमाली गाउँपालिका अध्यक्ष मल्लसहित चार जनाविरूद्व उजुरी दर्ता भएको हो । थला सामुदायिक वन क्षेत्रमा अध्यक्ष मल्लको योजनामा काठ तस्करी भएको दाबीसहित उजुरी दर्ता भएको छ । डिभिजन वन कार्यालय हुम्लाका अनुसार हिमाली गाउँपालिकाका अध्यक्ष मल्ल, वडानम्बर-३ का नरबहादुर गुरूङ, वडासदस्य पेमा गारा गुरूङ र हिमाल गुरूङविरुद्ध उजुरी परेको छ । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/05/1940370/complaint-filed-against-chairman-of-himali-rural-municipality-in-bajura-for-timber-smuggling-in-humla**

## सुनकोशी मरिण डाइभर्सन आयोजनाको ठेकेदार कम्पनी रमण-पटेल जेभी कालोसूचीमा

राष्ट्रिय गौरवको सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना निर्माणमा ढिलासुस्ती गरेको रमण कन्स्ट्रक्सन र पटेल इन्जिनियरिङ लिमिटेड प्रालि नेपाल सरकारको कालो सूचीमा परेका छन् । प्रधानमन्त्री कार्यालय मातहतको सार्वजनिक खरिद अनुगमन कार्यालयले ती कम्पनीलाई तीन वर्षका लागि कालोसूचीमा राखेको हो । कार्यालयले रमण-पटेल जेभीसहित ११ कम्पनीलाई कालोसूचीमा राखेको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1940337/sunkoshi-marine-diversion-project-contractor-raman-patel-jv-blacklisted**

## चर्किंदै कांग्रेस विवाद : महासमिति बैठकको तयारीमा देउवा समूह

विशेष महाधिवेशनका कारण नेपाली कांग्रेसमा चुलिएको संस्थापन र इतर समूहबीचको विवाद थप चर्किंदै गएको छ । पार्टी एकताका लागि सभापति गगन थापामाथि थप दबाब बढाउने रणनीतिअन्तर्गत संस्थापन इतर समूहले महासमिति बैठकको आन्तरिक तयारी गरिरहेको छ । निवर्तमान सभापति शेरबहादुर देउवा निकट नेताहरूले जारी प्रदेशस्तरीय भेलाहरू सम्पन्न भएपछि महासमिति बैठक आह्वान गर्ने आन्तरिक तयारी गरेको स्रोतको दाबी छ । नेताहरूका बीचमा प्रदेशस्तरीय भेलापछि राष्ट्रिय भेला बोलाउने र भेलाको म्यान्डेटअनुसार निर्णय लिने विषयमा आन्तरिक छलफल चलिरहेको स्रोतको भनाइ छ । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/05/1940146/congress-dispute-escalates-deuba-group-prepares-for-mahasamiti-meeting**

## मधेशका नवनियुक्त शिक्षामन्त्री सिंहको प्राथमिकता : शैक्षिक गुणस्तर सुधार, साक्षरता दर वृद्धि

मधेश प्रदेश सरकारका नवनियुक्त शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले शिक्षा क्षेत्र सुधार गर्दै साक्षरता दर वृद्धि आफ्नो पहिलो प्राथमिकता हुने बताएका छन् । मंगलबार पदभार ग्रहणपछि अनलाइनखबरसँग टेलिफोनमा कुरा गर्दै मन्त्री सिंहले आफ्ना योजना र प्राथमिकताबारे जानकारी दिएका हुन् । मधेश प्रदेश शिक्षा तथा साक्षरताको क्षेत्रमा अन्य प्रदेशको तुलनामा पछाडि रहेको उल्लेख गर्दै उनले विद्यालय शिक्षा, विद्यार्थी पहुँच र शैक्षिक गुणस्तर सुधारमा विशेष ध्यान दिइने बताए । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/05/1940332/madheshs-newly-appointed-education-minister-singhs-priorities-improving-educational-quality-increasing-literacy-rate**

## सरकार फेरबदलको प्रभाव : रौतहटका सबै प्रदेशसभा सदस्य बने मन्त्री

मधेश प्रदेशमा लगातार सरकार परिवर्तन हुँदा रौतहटका प्रत्यक्ष तर्फको प्रदेशसभाका सबै सदस्यहरू पालैपालो मन्त्री बन्न सफल भएका छन् । ०७९ मंसिर ४ गतेको प्रदेशसभामा निर्वाचनपछि चार वर्षको अन्तरालमा मधेश प्रदेशले पाँच जना मुख्यमन्त्री पाइसकेको छ भने सत्ता फेरबदलको प्रभावस्वरूप रौतहटका प्रत्यक्षतर्फका सबै ८ जना प्रदेशसभा सदस्य मध्ये मुख्य मन्त्रीदेखि राज्यमन्त्रीसम्म कुनै न कुनै समयमा पाइसकेका छन । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/27/770228/**

## बाराबाट निर्वाचित सांसदविरुद्ध 'राइट टु रिकल' का लागि हस्ताक्षर सङ्कलन गर्छौं : चन्दन स्वर्णकार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का बारा जिल्ला सभापति चन्दन स्वर्णकारलाई पार्टीले साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको छ । २०७९ भदौ २९ गतेदेखि बारा जिल्ला सभापतिमा रहेर काम गरेका उनी जुनसुकै परिस्थितिमा पनि पार्टी नछोड्ने, बरु निरन्तर आन्दोलन गरिरहने बताउँछन् । उनीसहितका स्थानीय नेता-कार्यकर्तासँगको विवादकै कारण पछिल्लो समय जेठ १० गते आयोजित जिल्लाको विस्तारित बैठकमा बाराबाट प्रतिनिधिसभा सदस्य पदमा प्रत्यक्षतर्फ निर्वाचित चारै जना सांसद लखेटिएका थिए । उक्त घटना, पार्टीभित्रको विवाद र सरकारको कार्यशैलीबारे स्वर्णकारसँग रातोपाटीले कुराकानी गरेको छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/565892/we-are-collecting-signatures-for-right-to-recall-against-the-elected-mp-from-bara-chandan-swarnakar**

## सभामुखको हतारो : संशोधनको समय नदिई नीति तथा कार्यक्रम पारित !

कोशी प्रदेशसभाको मंगलबारको बैठकमा विपक्षीको अवरोधका कारण सरकारले बजेटका सिद्धान्त र प्राथमिकता पेस गर्न सकेन । विपक्षीले विरोध गर्नुको कारण भने सरकारको नीति तथा कार्यक्रममाथि संशोधन गर्ने समय नदिई सभामुखले पारित भएको घोषणा गरेपछि उत्पन्न विवाद हो । कोशी प्रदेशसभाको नवौं अधिवेशनको छैटौं बैठकको कार्यसूचीअनुसार मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरूको जवाफ दिने र त्यसलगत्तै सभामुखले निर्णयार्थ प्रस्तुत गर्ने कार्यक्रम थियो । बाँकी... स्रोत : **https://www.ratopati.com/story/565835/speakers-haste-policies-and-programs-passed-without-giving-time-for-amendments**

## वाम दुःखान्तका 'महानायक'

ओली सत्तालिप्सामा यति डुबे कि शासकीय महत्वाकांक्षी लिस्नुको उचाइ कति हुन्छ भन्ने भेउ नै पाउन सकेनन् ! प्राचीन युनानी दार्शनिक एरिस्टोटलले ग्रीक साहित्यिक/नाट्य सिद्धान्त सम्बन्धी आफ्नो ग्रन्थ 'पोएटिक्स' मा प्रयोग गरेको 'ह्यामर्सिया' शब्द यतिखेर नेपालका चर्चित राजनीतिक पात्र एमाले अध्यक्ष खड्गप्रसाद ओलीको प्रवृत्तिगत विचलन र चारित्रिक 'स्वयं-संहार' को गाथा केलाउन उपयोगी हुन्छ । विश्वप्रसिद्ध नाटककार विलियम शेक्सपियरको चर्चित दुःखान्त 'ह्यामलेट' को मुख्य पात्रको नाम पनि ह्यामलेट नै हो । उसको 'ह्यामर्सिया' (स्वयं-संहार) शास्त्रीय दुःखान्तमध्ये चर्चित मानिन्छ । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/05/1941053/the-great-hero-of-left-suffering**